नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय, सिन्धुली**

daosindhuli.moha.gov.np

आर्थिक बर्ष २०७६।०७७ को

# बार्षिक बुलेटिन

संवत २०७७ साल श्रावण १३ गते मंगलवार

## आर्थिक बर्ष २०७६।७७ को उपलब्धी

## सेवाग्राहीमैत्री कार्यालय, सुशासन युक्त सेवा प्रवाह



### प्रमुख जिल्ला अधिकारीको कलमबाट

सरोकारवाला निकाय तथा जिल्लावासीको जानकारीका लागि विगत आर्थिक बर्षभरमा सम्पादन गरेका कामहरुलाई समावेश गरी बार्षिक बुलेटिन प्रकाशन गरिएको छ । यसबाट सुशासन तथा पारदर्शिता प्रबर्दित हुने विश्वास लिएको छु ।

नेपाल सरकारको जिल्लास्थित प्रतिनिधि कार्यालयको रुपमा जिल्ला प्रशासन कार्यालयले जिल्लाको शान्ति सुरक्षा तथा नागरिकलाई सेवा प्रवाहमा सहजताको प्रत्याभूति दिने प्रमुख जिम्मेवारी पूरा गर्दै आएको छ । वितेको आर्थिक बर्षमा सुशासन तथा सेवा प्रवाहका लागि जिल्ला प्रशासन कार्यालय क्रियाशिल रहेको र आगामी दिनमासमेत निरन्तर लागि रहने प्रतिबद्धतासमेत जाहेर गर्दछु ।

संकटसँग जुध्न गृह मन्त्रालयबाट समयमै प्राप्त हुने निर्देशन तथा कामहरुमा प्राप्त स्पष्ट मार्गनिर्देशनले गर्दा नै कार्यसम्पादन सरल बनेको छ । हामीले सम्पादन गरेका काममा तीनै तहका सरकार, जिल्लाका माननीयज्यूहरुलगायत जनप्रतिनिधिज्यूहरु, सुरक्षा निकाय, अन्य सरकारी-सार्वजनिक कार्यालयहरु, संचारकर्मी, बुद्धिजिवी, उद्योगी व्यवसायी, नागरिक समाज र समस्त जिल्लावासीको निरन्तर सहयोग र समर्थन प्राप्त भईरहेको छ । विशेषगरी कोरोना संकटको अवधिमा यहाँहरुले पुर्‍याउनुभएको सहयोगका लागि विशेष आभार व्यक्त गर्दछु र आगामी दिनमासमेत पूर्ववत सहयोग एवं समन्वय निरन्तर प्राप्त हुने विश्वास लिएको छु ।

जिल्लाको समग्र शान्ति सुरक्षा सामान्य बनाई राख्न तथा राम्रो कामको लागि आवश्यक सबै सहयोग गर्ने र कानून विपरितका क्रियाकलाप निरुत्साहित गर्ने प्रतिबद्धता फेरी पनि दोहोर्‍याउन चाहन्छु ।

कार्यालयको काममा निरन्तर लागि रहनुहुने कर्मचारीहरु तथा बार्षिक बुलेटिन तयारीमा अहोरात्र मेहनत गर्नुहुने कर्मचारीहरुको कामको सर्हाहना गर्दै धन्यवाद व्यक्त गर्दछु ।

### कार्यालय परिसरमा बैंक काउन्टर स्थापना

जिल्ला प्रशासन कार्यलय सिन्धुलीमा सेवा लिन आउने सेवाग्राहीहरुलाई राहादानीलगायत अन्य राजस्व बुझाउन सजिलो होस र अन्यत्र कार्यालयहरुलाईसमेत राजश्व जम्मा गर्न सहजताका लागि जिल्ला प्रशासन कार्यालयको भवनमै राष्ट्रिय बाणिज्य बैंकको एक्सटेन्सन काउन्टर स्थापना गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय भित्र मिति २०७६ चैत्र ५ गतेबाट राष्ट्रिय बाणिज्य बैंङकको काउन्टर स्थापना भएको छ । यस काउन्टरले सबै सरकारी कार्यालयका लागि राजश्व संकलन तथा सीमितरुपमा चेक सटहीसमेत गर्ने गरेको छ । यसबाट जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुले राहदानीको शुल्क बुझाउन, संघसंस्थाको दर्ता र नविकरण शुल्क, मुद्दाको धरौटी दण्ड तथा जरीवानाहरु बुझाउन सहज भएको छ । यसका साथै सिन्धुली जिल्ला अदालतलगायत सदरमुकामको माथिल्लो भागमा रहेका सरकारी कार्यालयमा सेवा लिन आउने सेवाग्राहीका लागि यस काउन्टरको सन्चालनले सहजता ल्याएको छ ।








### कार्यालय परिसरबाटै हुलाक टिकट सेवा

जिल्ला प्रशासन कार्यालय भित्रबाटै हुलाक टिकट विक्री सेवा सुरुवात गरिएको छ । जिल्ला हुलाक कार्यालय, सिन्धुलीसँगको समन्वयमा कार्यालयमा नागरिकता तथा अन्य प्रयोजनका निवेदनहरुका लागि आवश्यक हुलाक टिकट विक्री सुरु गरिएको छ ।

### स्तनपान कक्ष र बालबालिका खेल्ने ठाँउ

सेवाग्राही महिलाहरुको सहजताका लागि कार्यालयमा छुट्टै स्तनपान कक्ष व्यवस्थित गरिएको छ । साथै बालबालिकाका लिई आएका सेवाग्राहीलाई आफ्ना बालबालिकाका लागि केही समय खेल्न र बस्नका लागि उपयुक्त हुने गरी बालबालिका कक्षसमेत व्यवस्थित गरिएको छ । कार्यालय परिसरलाई हरियालीयुक्त बनाई सेवाग्राहीका लागि पिउने पानी र आराम गर्ने मेचलगायत व्यवस्थित गरिएको छ ।

### डिजिटल नागरिक बडापत्र सुरुवात

जिल्ला प्रशासन कार्यालयले प्रवाह गर्ने सेवा, सोको प्रकृया र आवश्यक कागजात आदि बारेमा सेवाग्राहीलाई सहज ढंगबाट सूचना तथा जानकारी उपलब्ध गराउन कार्यालयमा डिजिटल नागरिक बडापत्र राखिएको छ । आफूले लिनुपर्ने सेवाको बारेमा आफैले छनौट गरी सो को विस्तृत विवरण हेर्न सकिने गरी बडापत्र सुरुवात गरिएको छ ।

### सूचना संप्रेषण र बुलेटिन

कोरोना भाइरसको प्रकोपको अवस्थामा जारी लकडाउनको अवधिमा जनसाधारणको सूचना तथा जानकारीका लागि ३ पटक कोभिड विशेष बुलेटिन प्रकाशन गरिएको र बिषय अनुसार बुलेटिनको निरन्तरता भईरहेको छ । यसका साथै महत्वपूर्ण तथा उपयुक्त अवसरमा विज्ञप्ति, सूचना, प्रेस नोट प्रकाशन गरी जनसाधारणलाई जानकारी गराउने गरिएको छ ।

| आ.ब. | नागरिकता जारी | राहदानी जारी | मुद्दा दर्ता/फैसला | बजेट खर्च | बेरुजु फर्छ्यौंट |
|---|---|---|---|---|---|
| २०७६।७७ | ५६४४ | ४४१५ | ६८/७० | ७६.२% | ८४.८१% |

# सिन्धुली जिल्लाको सामान्य जानकारी



सिन्धुली जिल्लाको नक्सा

## सिन्धुली संक्षिप्त

| | |
|---|---|
| प्रदेश | वागमती प्रदेश |
| भूगोल | भित्री मधेश |
| फैलावट | चुरे देखि महाभारत भन्दा उत्तर |
| अक्षांस | २६ डिग्री ५५" देखि २७ डिग्री २२" |
| देशान्तर | ८५ डिग्री १५" देखि ८६ डिग्री २५" |
| उचाइ | १६६ मिटर देखि २७९७ मिटरसम्म |
| लम्बाई | १०६ कि.मी. |
| चौडाइ | २३.३ कि.मी. |
| क्षेत्रफल | २४९१ वर्ग कि.मि. रहेको छ । |
| सिमाना | उदयपुर, सिराहा, रौतहट, मकवानपुर, काभ्रेपलान्चोक, रामेछाप, ओखलढुंगा, धनुषा, महोत्तरी, सर्लाही |
| प्रमुख नदीहरु | सुनकोशी, मरिनखोला, कमला, चदाह |
| हावापानी | विषम (उष्ण, उपोष्ण र समशीतोष्ण) |
| औषत बर्षा | १४२० मिमि (उच्च ३५४४ मिमि) |
| तापक्रम | ५.३ देखि २८.३ सेन्टिग्रेट |
| वनजंगल | कूल क्षेत्रफलको ६४.८ प्रतिशत |
| प्रसिद्धी | जुनार र सुन्तला |
| निर्यातजन्य उत्पादन | अम्रिसो, अदुवा, बेसार, भुइँकटहर, जडीबुटीहरु र अमिलोजातका फलफूल |
| क्षेत्रहरु | गढतीर, मरिण,कमलाखोज, तीनपाटन |
| धार्मिक पर्यटकीय स्थलहरु | सिन्धुलीगढी, हरिहरपुरगढी, भद्रकाली, कमलामाई, माईस्थान, कालिकामाई, शिद्घवावा, पंचकन्या पोखरी, लंगुरेश्वरमधुगंगा,सर्वशिद्घेश्वर महादेव गुफा, कुशेश्वर महादेव |
| जनसंख्या | २,९६,१९२ |
| महिला | १,५६,०६९ |
| पुरुष | १,४०,१२३ |
| घरधुरी | ५७५८१ |
| जनघनत्व | ११९ प्रति वर्ग कि.मि. |
| जातजाती | ७४ |
| निर्वाचन क्षेत्र | संघीय २ प्रादेशिक ४ |
| पालिका | नगरपलिका २ गाउँपालिका ७ |

सिन्धुली जिल्ला नेपालको बागमती प्रदेशमा रहेको भित्री मधेसमा पर्ने जिल्ला हो। प्राकृतिक सम्पदा तथा धार्मिक स्थलहरु र संस्कृतिले सिन्धुली सम्पन्न छ । राजधानी काठमाडौंदेखि करीब १४० कि.मी. टाढा रहेको सिन्धुलीको सदरमुकाम सिन्धुलीमाढी हो।

## नामाकरण

नेपालको एकिकरण भन्दा पूर्व सिन्धुली जिल्ला मकवानी राज्यमा पर्दथ्यो । मकवानी शासक राघव नरेन्द्र सेन वि.सं. १५३० मा राजा थिए । यिनले आफूलाई सिन्धुल उपनामले परिचित गराएका थिए पछि यिनैको नामबाट यस ठाँउको नाम सिन्धुली रहन गएको भन्ने भनाइ रहेको छ ।

## भौगोलिक अवस्थिति तथा जलवायु

नेपालको वागमती प्रदेशमा अवस्थित सिन्धुली जिल्ला भित्री मधेशको जिल्ला हो । यसको भूभाग चुरे पर्वतमाला देखि महाभारत भन्दा उत्तरतर्फ सम्म फैलिएको छ। भूगोल अनुसार यो जिल्ला विश्व मानचित्रमा २६ डिग्री ५५" देखि २७ डिग्री २२" उत्तरी अक्षांस र ८५ डिग्री १५" देखि ८६ डिग्री २५" पूर्वी देशान्तरमा अवस्थित छ। यसको पूर्वतर्फ उदयपुर र सिराहा, पश्चिमतर्फ रौतहट, मकवानपुर र काभ्रेपलान्चोक, उत्तरतर्फ रामेछाप, ओखलढुंगा दक्षिणतर्फ धनुषा, महोत्तरी र सर्लाही जिल्ला रहेको छ । यस जिल्लाको उत्तरी भागमा सुनकोशी नदी, मध्यभागमा मरिनखोला र दक्षिणपूर्वमा कमला नदी पर्दछ। दक्षिणमा चुरे क्षेत्रले तराईका जिल्लाहरुसँग सिमाना छुट्याएको छ।

सिन्धुलीको न्यूनतम उचाइ १६६ मिटरदेखि २७९७ मिटरसम्म अधिकतम उचाइ रहेको छ। जिल्लाको लम्बाई १०६ कि.मी. र चौडाइ २३.३ कि.मी.मा फैलिएको र क्षेत्रफल २४९१ वर्ग कि.मि. रहेको छ।

जिल्लामा विषम (उष्ण, उपोष्ण र समशीतोष्ण) हावापानी पाइने हुँदा वनस्पति र जीवजन्तु पनि विविधता नै पाइन्छन् । औषत बर्षात १४२० मिमि (सबैभन्दा उच्च ३५४४ मिमि) मापन गरिएको छ भने जिल्लाको तापक्रम ५.३ सेन्टिग्रेट देखि २८.३ सेन्टिग्रेटसम्म पाइएको छ ।

यस जिल्लाको कूल क्षेत्रफलको करिव ६४.८ प्रतिशत भू-भाग वनजंगलले ओगटेको छ । जुनार र सुन्तलामा प्रसिद्धी प्राप्त यस जिल्लाको निर्यातजन्य उत्पादनहरुमा अम्रिसो, अदुवा, बेसार, भुइँकटहर, जडीबुटीहरु र अमिलोजातका बिभिन्न फलफूलहरु रहेका छन् । कमला नदी क्षेत्र, तीनपाटन क्षेत्र र मरिण खोला क्षेत्र धान तथा मकै बालीका लागि उत्तम रहेको छ

### गढतीर क्षेत्र

महाभारत श्रङ्खलाभन्दा उत्तरतिर अवस्थित रहेको तथा सुनकोशी नदीको किनारा क्षेत्रलाई गढतीर क्षेत्र भनिन्छ । सुनकोशी गाउँपालिका, गोलन्जोर गाउँपालिका र फिक्कल गाउँपालिकाका धेरै भूभाग यस क्षेत्रमा पर्दछ । यस क्षेत्रमा तुलनात्मक रुपमा सुख्खा तथा भिरालो जमिन रहेको छ । तर नदी किनाराका जमीन भूउपयोगको हिसावले यो उब्जनी क्षेत्र पनि हो । यस क्षेत्रबाट मध्यपहाडी लोकमार्ग सञ्चालित भएसँगै सेवा तथा सुविधाको पहुँच


सिन्धुलीको प्रसिद्ध कमलामाई मन्दिर

पुगेको छ ।

**मरिण क्षेत्र**

महाभारत श्रृँखलाभन्दा दक्षिण तथा सिन्धुली सदरमुकामभन्दा पश्चिम मरिण खोलाको आसपासमा रहेको घ्याङलेक गाउँपालिका, कमलामाई नगरपालिका वडा नं १ र २ का केही भूभाग, मरिण गाउँपालिका तथा हरिहरपुरगढी गाउँपालिका यस क्षेत्र अन्तर्गत पर्दछ। मरिण खोलाको उद्गमस्थल घ्याङलेक गाउँपालिका वडा नं. २ देखि हरिहरपुरगढी गाउँपालिका बडा नं. ९ सम्मका क्षेत्र मरिण खोलावाट प्रभावित क्षेत्र हुन् । ठूला–ठूला फाँटहरुबाट रहेको यस क्षेत्रहुँदै हेटौंडा धरान जोडने मदन भण्डारी राजमार्ग रहेको छ ।

**कमलाखोज क्षेत्र**

कमला नदी आसपासका वस्तीहरुलाई कमलाखोज क्षेत्र भनिन्छ । यस क्षेत्र अन्तर्गत दुधौली नगरपालिका र कमलामाई नगरपालिकाकाको वडा नं. ९, १०, १३ र १४ का बस्तीहरु पर्दछन ।

**तीनपाटन क्षेत्र**

सिन्धली सदरमुकाम भन्दा पूर्वतर्फ रहेको तीनपाटन गाउँपालिकाको सम्पूर्ण क्षेत्र तीनपाटन क्षेत्रका नामले परिचित छ । चदाहा खोला र यसका सहायक खोलाहरुको आसपासका क्षेत्रहरु तिनपाटन क्षेत्रका नाममा परिचित छ ।

### सिन्धुली जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थलहरु

| | |
|---|---|
| सिन्धुलीगढी | हरिहरपुरगढी |
| भद्रकाली मन्दिर | कमलामाई मन्दिर |
| कालिकामाई मन्दिर | शिद्धबाबा मन्दिर |
| पंचकन्या पोखरी | कुशेश्वर महादेव |

लंगुरेश्वर मधुगंगा, बाबाधाम

सर्वशिद्धेश्वर महादेव गुफा

### सिन्धुली जिल्लामा रहेका स्थानीय तहहरु

| स्थानीय तह | केन्द्र |
|---|---|
| कमलामाई नगरपालिका | सिन्धुलीमाढी |
| दधौली नगरपालिका | दुधौली |
| तीनपाटन गाउँपालिका | लाम्पन्टार |
| गोलन्जोर गाँउपालिका | ग्वाल्टार |
| सुनकोशी गाँउपालिका | रामटार |
| फिक्कल गाँउपालिका | खाङसाङ |
| घ्याङलेक गाँउपालिका | हायुटार |
| मरिण गाँउपालिका | कपिलाकोट |
| हरिहरपुरगढी गाँउपालिका | झनझने |


सिन्धुलीको प्रख्यात सुन्तला जातको फलफूलः जुनार


विपि राजमार्गको पिपलभन्ज्याङ क्षेत्र

### जातजाति, भेषभुषा र रहनसहनः

२०६८ सालको जनगणन अनुसार यस जिल्लाको कुल जनसंख्या २,९६,१९२ रहेको छ । । जसमा महिलाहरु १,५६,०६९ र पुरुषहरु १,४०,१२३ को संख्या छ । यस जिल्लामा ५७५८१ घरधुरिहरु रहेका छन्। यस जिल्लाको जनघनत्व सरदर ११९ प्रति वर्ग कि.मि. छ । यस जिल्लामा तामाङ्ग जातिको वाहुल्यता रहेको छ । हायु र थामी जस्ता लोपोन्मुख अल्पसंख्यक जातिहरु पनि यस जिल्लामा बसोबास गर्दै आइरहेका छन् । यस जिल्लाको कमला र मरिनखोलाका छेउछाउका भागमा आदिवासी राई, दनुवार र माझीका व्यापक बस्तीहरु छन् भने डाँडीगुरासे गा.वि.स. को गुराँसे डाडामा नेपालकै दुर्लभ जाती हायुहरु बस्दछन् ।

यस जिल्लामा ७४ प्रकारका जात जातिहरु बसोबास गर्दछन् । जातीय विविधताको स्वरुप भाषा र धर्ममा पनि विविधता पाईन्छ । धर्ममा हिन्दु धर्म मान्नेहरु ७५% बौद्द धर्म मान्नेहरु २३% र अन्य धर्म मान्नेहरु २% यस जिल्लामा छन् ।

तामाङ बाहुल्यता रहको पहाडी जिल्ला भएकोले यहाँको रहनसहनमा प्रशस्त मात्रामा तामाङहरुको प्रभाव परेको पाइन्छ । प्रायः बस्तीहरु एकै स्थानमा झुरुप्प परेर रहेको देखिन्छ । अधिकांश घरहरु ढुङ्गा माटो र काठबाट निर्मित तथा काट र खर, 'टायल प्रयोग गरी छाना छाइएको अवस्थामा पाइन्छन् । भूकम्प पश्चात निर्माण भएका धरहरु भने सिमेन्टेड तथा जस्ताले छाएको भेटिन्छ । भेषभुषामा यहाँका मानिसहरु कमिज, पाइन्ट, सुरुवाल टोपी, फरिया, पटुका, चोलो आदि लगाउँदछन् ।

### राजनैतिक/प्रशासनिक विभाजन

सिन्धुली जिल्लामा प्रशासनिक आधारमा २ वटा संघीय संसदीय निर्वाचन क्षेत्र रहेको छ भने ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रहेको छ । यस जिल्लामा २ वटा नगरपलिका र ७ वटा गाउँपालिकाहरु रहेका छन् ।

### पूर्वाधार सुविधा

प्रमुख भौतिक सुविधाहरुमा जिल्लामा बिपि राजमार्गको अधिकाँश क्षेत्र पर्दछ । यसै गरी मध्यपहाडी लोकमार्ग र मदन भण्डारी लोकमार्ग समेत पर्दछ । यसका अतिरिक्त बिभिन्न मौसमी सडकहरु, जिल्ला अस्पताल, कलेज सुविधा, बजार केन्द्रहरु पनि जिल्लाको सामाजिक आर्थिक विकासमा योगदान पुर्याउने भौतिक पक्षहरु हुन् ।


सिन्धुली गढी क्षेत्र

# जिल्ला प्रशासन कार्यालय, सिन्धुली
# सामान्य जानकारी

## कार्यालयको स्वरुप र प्रकृति

जिल्ला प्रशासन कार्यालय जिल्लास्तरमा रहेको संघीय सरकारको प्रतिनिधि कार्यालय हो । जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो।

यसका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्नेसमेतका उद्देश्यहरु रहेका छन् ।

जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ।

स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहनेछ । नेपाल सरकारले सो कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रूपमा कामसमेत गर्ने गरी प्रत्येक जिल्लामा एकजना प्रमुख जिल्ला अधिकारीको नियुक्ति गर्नेछ । प्रमुख जिल्ला अधिकारीले प्रचलित कानून, नेपाल सरकारको नीति, निर्देशन रेखदेखमा रही नेपाल सरकारको प्रतिनिधिको रूपमा काम गर्नेछ भन्ने व्यवस्था गरेको छ ।

प्रचलित कानून अनुसार जनताको गुनासो सुन्ने र समाधान गर्ने, चोरी, ठगी नियन्त्रण गर्ने, सार्वजनिक अपराध नियन्त्रण गर्ने कार्य यस कार्यालयले गर्दछ । यसका साथै दैवी प्रकोप व्यवस्थापन, कालोबजारी नियन्त्रण तथा आवश्यक कानूनी कारवाही गर्ने कार्य यस कार्यालयले गर्दछ ।

यसका साथै नागरिकता प्रमाणपत्र जारी गर्ने, नाबालक परिचयपत्र, राहदानी वितरण जस्ता नागरिकका आधारभूत अधिकारहरु अन्तर्गतका सेवा प्रवाह जिल्ला प्रशासन कार्यालयले गर्दछ । दलित, जनजाति, मुस्लिम, खसआर्य प्रमाणित, संस्था दर्ता, नविकरण आदि कार्यहरुसमेत यसै कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्दछन् ।



## कार्यालयको काम, कर्तव्य र अधिकार

स्थानीय प्रशासन ऐन, २०२८ लगायतका अन्य ऐन कानूनहरुले तोके बमोजिम जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्ने मुख्य–मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन्:

- शान्ति सुरक्षा सम्बन्धी कार्य ।
- जिल्ला स्थित कार्यालयहरुको समन्वय एवं अनुगमन ।
- नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्ने सम्बन्धी कार्य तथा प्रतिलिपी नागरिकता प्रमाणपत्र जारी गर्ने कार्य।
- राहदानी सिफारिश तथा वितरण ।
- साविकमा भएका विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- नाबालक परिचयपत्र जारी गर्ने तथा प्रतिलिपि दिने कार्य ।
- साबिकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि ।
- हातहतियार ईजाजत, नवीकरण, हातहतियार ईजाजत प्रतिलिपि ।
- संस्था, पत्रपत्रिका तथा छापाखाना सम्बन्धी: संस्था दर्ता र प्रमाण पत्र, संस्था नविकरण, संस्थाको विधान संशोधन, जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति, पत्रपत्रिका दर्ता, छापाखाना संचालन स्वीकृति ।
- कुनै व्यक्तिले शान्ति सुरक्षा माग गरेमा विश्लेषण गरी सुरक्षा प्रदान गर्ने ।
- नाम, थर, उमेर फरक परेको सिफारिस ।
- कुनै व्यहोरा प्रमाणित गर्ने ।
- बजार अनुगमन सम्बन्धी कार्य ।
- तोकिएका न्यायिक कार्य ।
- अन्य निकायलाई नतोकिएका कार्यहरु ।

## कर्मचारी दरवन्दी

| सि.नं. | पद | श्रेणी | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | प्रशासन/सा.प्र. | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितिय | प्रशासन/सा.प्र. | १ | १ | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | प्रशासन/सा.प्र. | २ | २ | |
| ४ | नायव सुब्बा | रा.प.अनं प्रथम | प्रशासन/सा.प्र. | ७ | ५ | २ |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | प्रशासन/लेखा | १ | १ | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं प्रथम | विविध | २ | २ | (१ काजमा) |
| ७ | खरिदार | रा.प.अनं द्वितिय | प्रशासन/सा.प्र. | ४ | ४ | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहीन | प्रशासन/सा.प्र. | २ | २ | |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन/सा.प्र. | ७ | ७ | |
| | जम्मा | | | २७ | २५ | २ |

# कार्यरत कर्मचारीहरु

जिल्ला प्रशासन कार्यालय, सिन्धुलीको स्वीकृत संगठन संरचना कार्यालयमा राजपत्रांकित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रा.प. द्वितिय श्रेणीको स.प्र.जि.अ. -१, रा.प. तृतीय श्रेणीका प्रशासकीय अधिकृत २ लगायत बिभिन्न सेवा, समूह र श्रेणीका गरी कुल २७ जना कर्मचारीहरुको दरवन्दी रहेको छ ।

कार्यालयमा कार्यसम्पादनका लागि ६ वटा शाखाहरु रहेका छन् । यी शाखाहरु स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा, नागरिकता तथा प्रतिलिपि शाखा, आर्थिक प्रशासन शाखा, मुद्दा तथा हातहतियार शाखा, राहदानी तथा जिन्सी दर्ता शाखा, गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा हुन् ।

## सूचना अधिकारी



प्रशासकीय अधिकृत उपेन्द्र न्यौपाने
सम्पर्क नम्वर 9854040256
इमेल: cdosindhuli@gmail.com



प्र.जि.अ. योगेन्द्र प्रसाद पाण्डे



स. प्र.जि.अ. ऋद्धि प्रकाश सिटौला



प्र.अ. उपेन्द्र न्यौपाने



प्र.अ. भिमबहादुर बस्नेत

नायव सुब्बा/लेखापाल/कम्प्यूटर अपरेटर



खरिदार



ह.स.चा./कार्यालय सहयोगी



| सिन | पद | नामथर | शाखा | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | योगेन्द्र प्रसाद पाण्डे | | 9854067777 |
| २ | स.प्रमुख जिल्ला अधिकारी | ऋद्धि प्रकाश सिटौला | | 9841373377 |
| ३ | प्रशासकीय अधिकृत | उपेन्द्र न्यौपाने | नागरिकता/स्थानीय प्रशासन | 9854040256 |
| ४ | प्रशासकीय अधिकृत | भिम बहादुर बस्नेत | नागरिकता/स्था.प्रशासन/राहदानी | 9851106473 |
| ५ | नायव सुब्बा | गोविन्द प्रसाद कोइराला | मुद्दा तथा हातहतियार शाखा | 9854041991 |
| ६ | नायव सुब्बा | नहकुल ढकाल | स्थानीय प्रशासन तथा शा.सु. शाखा | 9844043866 |
| ७ | नायव सुब्बा | लोकेन्द्र प्रसाद भण्डारी | नागरिकता शाखा | 98418678617 |
| ८ | लेखापाल | शम्भु बहादुर श्रेष्ठ | आर्थिक प्रशासन शाखा | 9854042280 |
| ९ | कम्प्यूटर अपरेटर | रविन्द्र गौतम | नागरिकता शाखा/सुचना प्रविधि | ९८४०१७७३२७ |
| १० | कम्प्यूटर अपरेटर | झमक बहादुर रेग्मी | सूचना प्रविधि/स्थानीय प्रशासन | 9845255438 |
| ११ | खरिदार | प्रदिप कुमार काफ्ले | नागरिकता शाखा | 9819985133 |
| १२ | खरिदार | अम्विरा काफ्ले | राहदानी शाखा | 9844251504 |
| १३ | खरिदार | गेहेन्द्र आचार्य | मुद्दा तथा हातहतियार शाखा | 9845233943 |
| १४ | खरिदार | राजभाई थापामगर | स्थानीय प्रशासन तथा शा.सु. शाखा | 9854043226 |
| १५ | हलुका सवारी चालक | कर्ण बहादुर देवकोटा | प्र.जि.अ. सवारी | 9841476080 |
| १६ | ह.स.चा. (करार) | राम कुमार थापा | सहायक प्र.जि.अ. सवारी | 9804828237 |
| १७ | सेवा करार (का.स) | विक्रम थापा | प्र.जि.अ. सचिवालय | 9844226724 |
| १८ | सेवा करार(का.स) | प्रकाश कुमार राई | नागरिकता शाखा | 9865119650 |
| १९ | सेवा करार (काज) | विजय लामा | नागरिकता शाखा | 9844076018 |
| २० | सेवा करार (काज) | भावना कार्की | राहदानी शाखा | 9860883548 |
| २१ | कार्यालय सहयोगी | होमनाथ घिमिरे | नागरिकता प्रतिलिपि शाखा | 9844253644 |
| २२ | कार्यालय सहयोगी | प्रकाश नेपाली | स्थानीय प्रशासन तथा शा.सु. शाखा | 9844092184 |
| २३ | कार्यालय सहयोगी | साम्ब प्रसाद देवकोटा | नागरिकता शाखा | 9807818435 |
| २४ | सेवा करार(का.स) | पार्वती कार्की | प्र.जि.अ. सचिवालय | 9844227203 |

# संगठन संरचना तथा
# शाखागत कार्यविवरण




**जिल्ला प्रशासन कार्यालय, सिन्धुलीको स्वीकृत सँगठन संरचना कार्यालयमा राजपत्रांकित प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा बिभिन्न सेवा, समूह र श्रेणीका गरी कुल २७ जना कर्मचारीहरुको दरवन्दी रहेको छ । कार्यालयमा कार्यसम्पादनका लागि ६ वटा शाखाहरु रहेका छन् । यी शाखाहरु स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा, नागरिकता तथा प्रतिलिपि शाखा, आर्थिक प्रशासन शाखा, मुद्दा तथा हातहतियार शाखा, राहदानी तथा जिन्सी दर्ता शाखा, गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा हुन् ।**

## स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखाबाट सम्पादन हुने कार्यहरु

१. नेपाली नागरिकका १६ वर्ष उमेर नपुगेका सन्तानलाई नावालक परिचय पत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।

२. कर्मचारीहरुको अभिलेख व्यवस्थापन तथा अद्यावधिक गर्ने ।

३. कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनसम्बन्धी कार्यको व्यवस्थापन गर्ने ।

४. प्रचलित कानूनबमोजिम दुबै नाम,थर भएको व्यक्ति एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गर्ने ।

५. कर्मचारीहरुको नियुक्ति, पदस्थापन तथा सिफारिशसम्बन्धी कार्यको व्यवस्थापन गर्ने ।

६. प्रक्रिया पूरा भई आएका निवेदनउपर प्रचलित कानूनबमोजिम सिफारिश गर्ने ।

७. दलित, जनजाति तथा मधेशी प्रमाणितका लागि सम्बन्धित निकायबाट सिफारिश भई आएमा सो को प्रमाणित गर्ने ।

८. शान्ति सुरक्षासम्बन्धी विषयहरुमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने।

९. सुरक्षा निकाय, अदालत, संवैधानिक निकायहरु बाहेक सबै सरकारी तथा अर्ध–सरकारी कार्यालयहरुको निरीक्षण, अनुगमन, र नियमनसम्बन्धी कार्य गर्ने ।

१०. संस्था दर्ता ऐन, २०३४बमोजिम रीत पुगेका निवेदनउपर प्रारम्भिक कारवाही गरी संस्था दर्ता, नविकरण, विधान प्रमाणितसम्बन्धी कार्य गर्ने ।

११. बजार अनुगमन, आपुर्ति व्यवस्था र अत्यावश्यक सेवा सञ्चालन सम्बन्धमा आवश्यक सहयोग गर्ने

१२. संस्था दर्ता ऐन, २०३४बमोजिम दर्ता भएका संघ संस्थाहरुको अनुगमन गर्ने ।

१३. विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।

१४. कार्यालयका अन्य भैपरी आउने कार्यहरु गर्ने गराउने।

१५ कर्मचारी प्रशासनसँग सम्बन्धित अन्य विविध कार्यहरु गर्ने ।

## नागरिकता तथा प्रतिलिपि शाखाबाट सम्पादन हुने कार्यहरु

१. नेपाली नागरिकका १६ वर्ष उमेर पूरा भएका सन्तानलाई प्रचलित कानून निर्देशिकाबमोजिम नेपाली नागरिकताको प्रमाणपत्रका लागि प्रमाण हेरी सनाखत गराई नेपाली नागरिकताको प्रमाणपत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।

२. वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्रका लागि प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिकाबमोजिम निर्णयार्थ पेश गर्ने र निर्णयपश्चात वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।

३. नेपाली नागरिकताको प्रमाणपत्रमा थर परिवर्तन, पतिको नाम,थर परिवर्तन र संशोधन गर्न प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिकाबमोजिम निर्णयका लागि पेश गर्ने र निर्णयपश्चात नेपाली नागरिकता प्रमाणपत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।

४. यस जिल्लाबाट नागरिकता जारी भएको व्यक्तिले सम्बन्धित वडा अक्ष्यक्षको सिफारिशसहित नेपाली नागरिकताको प्रतिलिपिका लागि निवेदन दिएमा प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिकाबमोजिम नागरिकताको प्रतिलिपि तयारी, व्यवस्थापन र वितरण गर्ने ।

५. तालुक निकाय वा अन्य निकाय÷कार्यालयबाट नागरिकतासम्बन्धी विषयमा सोधनी भएकोमा सो को जवाफ पठाउने ।

६. नागरिकतासम्बन्धी अभिलेख खोजेका बखत उपलब्ध हुने गरी व्यवस्थित रुपमा राख्ने ।

७. यस जिल्लाबाट जारी भएका नेपाली नागरिकता प्रमाणपत्रको सम्बन्धमा अन्यत्रबाट अभिलेख माग भई आएमा सो अभिलेख उपलब्ध गराउने र अन्य जिल्लाबाट नेपाली नागरिकताको प्रमाणपत्र जारी भई यस जिल्लामा बसाई सरी आएको नेपाली नागरिकले सम्बन्धित वडा अक्ष्यक्षको सिफारिशसहित नेपाली नागरिकता प्रतिलिपिका लागि निवेदन दिएमा प्रचलित कानूनबमोजिम सम्बन्धित जिल्लाबाट अभिलेख माग गर्ने ।

८. नागरिकतासम्बन्धी अभिलेख व्यवस्थापन, प्रविष्टी तथा अद्यावधिक गर्ने ।

९. नागरिकतासँग सम्बन्धित अन्य विविध कार्यहरु गर्ने।

## मुद्दा तथा हातहतियार शाखाबाट सम्पादन हुने कार्यहरु

१. प्रचलित कानूनबमोजिम दायर हुन आएका मुद्दाहरुमा प्रतिवादीलाई बयान गराई कानूनबमोजिम पुर्पक्षका लागि पेश गर्ने ।

२. मुद्दाको मिसिल तथा तत्सम्बन्धी अभिलेख व्यवस्थित र सुरक्षित तवरले राख्ने ।

३. पुनरावेदन भएका मुद्दाको सम्बन्धमा सम्बन्धित अदालतबाट मिसिल, तायदातीलगायतका अन्य कुनै कागजातहरु माग भई आएमा सो विवरण तथा कागजात तयार गरी पठाउने ।

४. यस कार्यालयबाट भए–गरेका फैसलाको नक्कलप्रति जिल्ला सरकारी वकिल कार्यालयमा पठाउने ।

५. मुद्दाका प्रतिवादीलाई प्रचलित कानून र

आदेशबमोजिम तारेख दिने ।

६. मुद्दामा भएमा फैसला तथा आदेशबमोजिम कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने ।

७. प्रचलित कानूनबमोजिम हातहतियार इजाजत पत्र नविकरणसम्बन्धी कार्य गर्ने ।

८. इजाजत प्राप्त हातहतियारको अभिलेख व्यवस्थित, अद्यावधिक र सुरक्षित राख्ने ।

९. व्यक्ति वा संस्थाले हातहतियार राख्ने प्रयोजनका लागि सम्बन्धित निकायको सिफारिश पत्र र आवश्यक कागजात संलग्न राखी यस कार्यालयमा निवेदन पेश गरेमा सुरक्षा संवेदनशीलता, औचित्यता र कागजी प्रमाणलाई आधार मानी प्रचलित कानूनबमोजिम जिल्ला सुरक्षा समितिको निर्णयसहित सम्बन्धित निकायमा सिफारिश पठाउने ।

१०. तालुक निकाय वा सम्बन्धित निकायबाट हातहतियारसम्बन्धी विवरण माग भई आएमा सो विवरण उपलब्ध गराउने ।

११. प्रचलित कानूनबमोजिम हातहतियारको अभिलेख हेरी लगत कट्टा गर्ने ।

१२. मुद्दासँग सम्बन्धित अन्य विविध कार्यहरु गर्ने ।

## राहदानी तथा जिन्सी दर्ता शाखाबाट सम्पादन हुने कार्यहरु

१. राहदानी ऐन, नियम र नीति निर्देशनबमोजिम साधारण राहदानी सिफारिश तथा वितरण र द्रुत सेवा सिफारिशसम्बन्धी कार्य गर्ने ।

२. राहदानीका लागि नागरिकताको आवश्यक अभिलेखहरु माग गर्ने र पठाउने ।

३. राहदानी छपाई गर्न राहदानी विभागमा लैजाने तथा छपाई भएका राहदानीहरु सुरक्षितसाथ ल्याउने कार्यमा सहयोग गर्ने र वितरण गर्ने ।

४. राहदानी र राहदानीसँग सम्बन्धित विषयहरुमा सेवाग्राहीलाई परामर्श दिने ।

५. कार्यालयको जिन्सी सामानको व्यवस्थापन, भण्डारण र संरक्षण गर्ने ।

६. कार्यालयबाट खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका जिन्सी सामानहरुको प्रचलित कानूनबमोजिम दाखिला गरी जिन्सी किताबमा आम्दानी बाँध्ने ।

७. बेकम्मा भएका र मर्मत हुन नसक्ने खालका खर्च भएर नजाने जिन्सी सामानहरुलाई कानूनबमोजिम लिलाम विक्रिको प्रक्रिया अघि बढाउने ।

८. राहदानी तथा जिन्सीसँग सम्बन्धित अन्य विविध कार्यहरु गर्ने ।

## गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखाबाट सम्पादन हुने कार्यहरु

१. कार्यालयमा आएका सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने ।

२. गुनासोको अभिलेख व्यवस्थापन गर्ने ।

३. कार्यालयको गुनासो व्यवस्थापनका लागि हेल्प डेस्कमार्फत परामर्श दिने ।

४. कार्यालयको सूचना अधिकारी र लैंगिक सम्पर्क व्यक्तिमार्फत गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाउने।

## आर्थिक प्रशासन शाखाबाट सम्पादन हुने कार्यहरु

१. राजस्व, विनियोजन, धरौटीको आम्दानी, खर्चको श्रेस्ता राख्ने र सो को खर्चको फाँटबारी सम्बन्धित निकायमा पठाउने ।

२. कार्यालयका तलव, भत्तालगायतका आर्थिक दायित्वहरु भुक्तानी दिने ।

३. कार्यालयको लेखापरीक्षण गराउने ।

३. लेखा परीक्षणबाट औंल्याइएका बेरुजु रकम असुलउपर गरी बेरुजु रकम फछर्यौट गर्ने– गराउने र बेरुजु फछर्यौटको लागि सम्बन्धित निकाय वा कर्मचारीले प्रमाण पेश गरेमा सम्परीक्षण गराउने ।

४. तलवी प्रतिवेदन, बजेट सिट र वार्षिक आर्थिक विवरण तयार पार्ने ।

५. भुक्तानी आदेश तयार पारी सम्बन्धित निकायमा पेश गर्ने ।

६. द्वन्दपीडित, बाढीपीडित, आगलागीपीडित र वैदेशिक रोजगारमा मुत्यु हुने व्यक्तिको कानूनी हकदारलाई नियमानुसार राहत तथा क्षतिपूर्ती उपलब्ध गराउने ।

७. विपद्बाट घटेका घटनाहरुमा प्रचलित कानून र निर्देशिकाबमोजिम राहत तथा क्षतिपुर्ति वितरणका लागि पेश गर्ने ।

७. आर्थिक प्रशासनसँग सम्बन्धित अन्य विविध कार्यहरु गर्ने ।

# जिल्ला प्रशासन कार्यालयको भौतिक सम्पतिको विवरण

## घर जग्गाको विवरण

जिल्ला प्रशासन कार्यालय, सिन्धुली हाल आफ्नै नवनिर्मित भवनमा संचालनमा रहेको छ । कमलामाई नपा वडा नं ६ मा रहेको कार्यालय परिसरमा कार्यालय भवन र सुरक्षाकर्मीका लागि कच्ची भवन रहेको छ । त्यसैगरी वडा नं ६ मा नै प्रजिअ आवासमा आफ्नै जग्गामा भवन रहेको छ ।

प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्नुभएको सवारी साधन टाटा सफारी जिप थान १ चालु हालतमा रहेको छ भने मर्मत गर्नुपर्ने अवस्थामा २ थान महिन्द्रा जिप रहेका छन् । कार्यालयको प्रयोजनका लागि बाइक थान १ चालु रहेको छ ।

गा.वि.स./ न.पा.: सिद्धेश्वर, नक्सा सिट: ६छ

| सि.नं. | कित्ता नं. | क्षेत्रफल | भौतिक संरचनाको विवरण |
|---|---|---|---|
| १ | १५८ | ०–१८–१८–२ | जिल्ला कार्यालय र तत्कालिन जिल्ला पन्चायत सचिवालयको संयुक्त नाममा रहेको कित्तामा पक्की प्रशासकीय भवन-१ र सुरक्षा गार्ड बस्ने कच्ची घर-1 |
| २ | १५३ | ०–१६–१९–१ | जिल्ला कार्यालय कम्पाउण्ड |
| ३ | १५४ | ३–१८–०–१ | सदरमुकाम प्रशासकीय भवन एरियामा खाली रहेको जमिन |
| ४ | २३१ | ०–६–१३–० | प्रमुख जिल्ला अधिकारी निवास भवन-1, सुरक्षा गार्ड निवास-1 र अन्य साना घर-१ |
| ५ | ४६६ | ०–७–१२–० | प्र.जि.अ. निवास स्थल |
| ६ | २३२ | ०–३–१४–० | कर्मचारी निवास स्थान, पक्की भवन-१, कच्ची-१ र टहरा-१, भवन निर्माण स्थल |
| ७ | १६५ | ०–७–१३–२ | जिल्ला कार्यालयको कान्लो |

## सवारी साधनको विवरण

| सि.नं. | सवारी साधनको प्रकार/ किसिम | सवारी साधनको ब्राण्ड/कम्पनी/ देश | सवारी नम्बर | मोडेलको नाम | निर्माण बर्ष | अवस्था |
|---|---|---|---|---|---|---|
| १ | टाटा सफारी/ जिप | टाटा / भारत | बा २ झ २१४४ | टाटा सफारी LX | २०१६ | चालु |
| २ | महिन्द्रा जिप | महिन्द्रा / भारत | बा १ झ ७८२६ | | २००७ | मर्मत गर्नु पर्ने |
| ३ | बोलेरो जिप | महिन्द्रा / भारत | बा 1 झ ७६५२ | | २००७ | मर्मत गर्नु पर्ने |
| 4 | डिस्कोभर बाइक | बजाज / भारत | ज १ ब ४१५ | १२५ सि सि | २०१३ | चालु |

# आ.ब. २०७६।०७७ मा सम्पादित कार्यहरुको परिमाणात्मक प्रगति विवरण

## दर्ता, नविकरण र सिफारिश

आर्थिक बर्ष २०६७।७७ मा शाखाको कार्यविवरणमा परेका सबै कामहरु गरिएको छ । यस अवधिमा कार्यालय स्थानान्तरण भई आफ्नै नव निर्मित भवनमा सरेको हुँदा सो कार्यको व्यवस्थापन गरिएको छ । कोरोना भाइरस महामारीको समयमा कार्यालयमा कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षाका साथ उपस्थित गराउने तथा सेवा प्रवाह व्यवस्थापनका साथै सिफ्ट व्यवस्थापन र सवारी पास व्यवस्थापनलगायतका कामहरु गरिएको छ ।

**आ.व. २०७६/०७७ मा सम्पादित कामको संख्या**

| सिन | कार्यको विवरण | संख्या |
|---|---|---|
| १ | संस्था दर्ता | ९ |
| २ | संस्था नविकरण | १०२ |
| ३ | नावालक परिचय पत्र | ५९ |
| ४ | ठाडो उजुरी तथा गुनासो | २२ |
| ५ | पत्रपत्रिका दर्ता | २ |
| ६ | छापाखाना दर्ता | - |
| ७ | विविध सिफारिस | १०२ |
| ८ | हातहतियार दर्ता | - |
| ९ | हातहतियार नविकरण | १० |
| १० | हातहतियार नामसारी | - |
| ११ | भू.पु. सैनिक पेन्सन (सिफारिस) | २० |
| १२ | जनजाति/दलित प्रमाणित सिफारिस | ६५२ |

## यस बर्ष राहदानी बनाउनेको संख्या ४४१५

आर्थिक बर्ष २०७६।७७ मा यस कार्यालयबाट साधारण राहदानीको लागि २११२ वटा फारम संकलन गरि साधारण राहदानी बनाउनका लागि राहदानी विभाग पठाइएको छ । यसै बर्ष द्रुत राहदानीका लागि २३०३ वटा सिफारिश पठाइएको छ । यस कार्यालयमा तयार भई आएको र वितरण हुन बाँकी राहदानीको संख्या १४३९ रहेको छ । लकडाउनको अवधिमा राहदानी सेवा बन्द रहेको र हाल कार्यालय खुलेपछी भने क्रमशः सामान्य बन्दै गैरहेको छ ।

**आ.व. २०७६/०७७ मा जारी राहदानी**

| सिन | कार्यको विवरण | संख्या |
|---|---|---|
| १ | साधारण राहदानी सिफारिस | २११२ |
| २ | द्रुत सिफारिस | २३०३ |
| ३ | राहदानी वितरण | २१९२ |
| ४ | वितरण हुन बाँकी राहदानी | १४३९ |

## यस बर्ष प्रजिअबाट ६८ मुद्दामा फैसला, ७० मुद्दा दर्ता

## बार्षिक दायरीमा ९७% किनारा, कुल मुद्दामा ४१% फछ्र्यौट

यस बर्षमा ७० वटा बिभिन्न मुद्दाहरु दर्ता हुन आएको थियो भने कुल ६८ वटा मुद्दाको किनारा भएको छ । विगत बर्षको बाँकी ९७ मुद्दा अ.ल्या. भई यस बर्षमा सरेको थियो । यस बर्ष फैसला हुन बाँकी मुद्दा संख्या ९९ रहेको छ । यसरी हेर्दा कुल दायरीमा ४१ प्रतिशत मुद्दा किनारा भएको छ भने यसै बर्षको दायरी र फैसलामा हेर्दा ९७ प्रतिशत फछ्र्यौट भएको छ ।

**जिल्ला प्रशासन कार्यालय, सिन्धुलीमा दायर मुद्दा र फैसलाको संख्या**

| क्र.स. | मुद्दा शिर्षक | अघिल्लो बर्षको बाँकी | आ.ब. ०७६/७७ मा थप भएका | आ.ब. ०७६/७७ मा फैशला भएका | फैसला बाँकी |
|---|---|---|---|---|---|
| १. | केही सार्वजनिक अपराध | ३७ | - | ३७ | - |
| २. | अभद्र व्यवहार | ३३ | ६२ | १७ | ७८ |
| ३. | बाधा बिरोध | १२ | - | १ | ११ |
| ४. | सवारी दुर्घटना | १३ | ४ | ९ | ८ |
| ५. | न्युन गुणस्तरको सामान विक्री वितरण | ३ | - | ३ | - |
| ६. | संक्रामकरोगसम्बन्धी आदेशको उल्लंघन | - | १ | १ | - |
| ९. | कालो बजार | - | १ | - | १ |
| १०. | दुषित खाद्य पदार्थ विक्री वितरण | - | १ | - | १ |
| ११. | जम्मा | ९७ | ७० | ६८ | ९९ |

## राष्ट्रिय परिचयपत्रका लागि विवरण संकलन सुरु

### यस बर्ष ८१ जनाको विवरण संकलित

नेपाली नागरिकका जैविक पहिचान सहितको विवरण समावेश गरी राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलनको कार्य सिन्धुली जिल्लामासमेत सुरुवात भएको छ । असार १७ गतेबाट जिल्ला प्रशासन कार्यालयमा रहेको दर्ता स्टेशनमार्फत नागरिकले स्वंयम उपस्थित भई फोटो खिचाउने र विवरण दिने गर्न सकिने भएको छ । नयाँ नागरिकता बनाउन आउने व्यक्तिलाई राष्ट्रिय परिचयपत्र बनाउन अनिवार्य गरिएको छ । भने इच्छुक अन्य नागरिकलेसमेत सक्कल नागरिकताका साथ विवरण दिन सकिने छ ।

## नयाँ नागरिकतामा ५६४४ थप, २९६३ नागरिकता प्रतिलिपि जारी

यस बर्ष नागरिकता तथा प्रतिलिपि शाखाबाट प्रवाह हुने सेवा कोरोना भाइरस महामारीको कारण ३ महिना हुन सकेन । यस बाहेक अवधिमा निरन्तर रुपमा सेवा प्रवाह भईरहेको छ । आवश्यक कागजपत्र लिई आएका नागरिकलाई यथाशक्य छिटो सेवा प्रवाह गर्नका लागि सोही अनुसार लेआउट व्यवस्थापन गर्न थालिएको छ ।

**आ.व. २०७६/०७७ मा जारी नागरिकताको विवरण**

| सिन | कार्यको विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कमलामाई नगरपालिका | ६३५ | ५८७ | १२२२ |
| २ | दुधौली नगरपालिका | ७११ | ६३८ | १३४९ |
| ३ | तीनपाटन गाँउपालिका | ३५५ | ३८२ | ७३७ |
| ४ | गोलन्जार गाँउपालिका | १९४ | २११ | ४०५ |
| ५ | घ्याङलेख गाँउपालिका | १२७ | १३६ | २६३ |
| ६ | फिक्कल गाँउपालिका | १३८ | १६६ | ३०४ |
| ७ | मरिण गाँउपालिका | २३५ | २७३ | ५०८ |
| ८ | हरिहरपुरगढी गाँउपालिका | १८६ | २२९ | ४१५ |
| ९ | सुनकोशी गाँउपालिका | २२१ | २१८ | ४३९ |
| | कर्मचारी परिवार | १ | १ | २ |
| | जम्मा | २८०३ | २८४१ | ५६४४ |

**आ.व. २०७६/०७७ मा जारी नागरिकता प्रतिलिपि संख्या**

| सिन | कार्यको विवरण | संख्या |
|---|---|---|
| १ | प्रतिलिपि नागरिकता जारी संख्या | २९२६ |

आर्थिक बर्ष २०७६।७७ मा कुल बिनियोजित बजेट रु २,१८,७७,००० रहेको थियो । जसमध्ये रु १,६६,६७,००७।४८ खर्च भएको छ । कुल रकम मध्ये ७६.२ प्रतिशत बजेट खर्च भएको छ ।

जिल्ला प्रशासनको नियमित बजेट रु २,०९,३७,००० मध्ये १,६२,०२,६८७.४८ खर्च भएको छ भने राष्ट्रिय परिचयपत्र तर्फ विनियोजित रु ९,४०,००० मध्ये ४,६४,३२० खर्च भएको छ।

जिल्ला प्रशासन कार्यालयको नियमित बजेट अन्तर्गत बिनियोजित रकमको ७७.४ प्रतिशत खर्च भएको छ । यस मध्ये चालु खर्चको प्रगति ९०.२ प्रतिशत र पुँजीगत खर्च तर्फको प्रगति १३.६ रहेको छ ।

यसै बर्षबाट संचालनमा आएको राष्ट्रिय परिचयपत्र तर्फको चालु खर्चमा २० प्रतिशत र पूँजीगत खर्च तर्फमा ९६.४ प्रतिशत रहेको छ ।

त्यसैगरी बेरुजु फछ्र्यौट तर्फ यस कार्यालयको कुल बेरुजु १०,६१,१६५ रहेकोमा चालु बर्षमा ९,००,००० रकम फछ्र्यौट गरी ८४.८१ प्रतिशत बेरुजु फछ्र्यौट भएको छ ।

**बेरुजु**

**कुल बेरुजु - १०,६१,१६५**

**यस बर्ष फछ्र्यौट- ९००,०००**

**फछ्र्यौट प्रतिशत - ८४.८१%**

# बजेट र खर्च

## जिल्ला प्रशासन कार्यालय, सिन्धुली
## आर्थिक बर्ष २०७६।७७ को बजेट र खर्च तथा प्रगतिको एकिकृत विवरण

| शिर्षक | बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | | | |
| चालु | १७,४३७,०००.०० | १५,७२६,७४९.४८ | ९०.२% |
| पुजिगत | ३,५००,०००.०० | ४७५,९३८.०० | १३.६% |
| जम्मा | २०,९३७,०००.०० | १६,२०२,६८७.४८ | ७७.४% |
| राष्ट्रिय परिचयपत्र | | | |
| चालु | ५७८,०००.०० | ११५,६००.०० | २०.०% |
| पुजिगत | ३६२,०००.०० | ३४८,७२०.०० | ९६.३% |
| जम्मा | ९४०,०००.०० | ४६४,३२०.०० | ४९.४% |
| कुल जम्मा | २१,८७७,०००.०० | १६,६६७,००७.४८ | ७६.२% |

## खर्चको फाटवारी

जिल्ला प्रशासन कार्यालय, सिन्धुली　　कार्यालय कोड नं.: ३१४९२२५०१　　२०७६/७७ साल आषाढ महिना　　आर्थिक बर्ष : २०७६/७७

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | आषाढ महिनाको खर्च | आषाढ महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ९,६३८,०००.०० | ८,७९९,७२८.१० | | ६७७,९४१.१० | ८,७९९,७२८.१० | | | ८३८,२७१.९० |
| २११२१ | पोशाक | २००,०००.०० | २००,०००.०० | | | २००,०००.०० | | | ०.०० |
| २११३२ | महंगी भत्ता | ४८०,०००.०० | ४६१,०६६.०० | | ३८,०००.०० | ४६१,०६६.०० | | | १८,९३४.०० |
| २११३९ | अन्य भत्ता | ६०,०००.०० | ६०,०००.०० | | ४१,०००.०० | ६०,०००.०० | | | ०.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ९६,०००.०० | ८२,४००.०० | | ६,८००.०० | ८२,४००.०० | | | १३,६००.०० |
| २२१११ | पानी तथा बिजुली | ३४८,०००.०० | ३४८,०००.०० | | १५६,५०२.०० | ३४८,०००.०० | | | ०.०० |
| २२११२ | संचार महसुल | २१२,०००.०० | १४१,६३६.५० | | ६४,३५७.०० | १४१,६३६.५० | | | ७०,३६३.५० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५४०,०००.०० | ५३०,८७६.०० | | १६२,२९९.०० | ५३०,८७६.०० | | | ९,१२४.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३२५,०००.०० | ३२५,०००.०० | | ६८,०३४.०० | ३२५,०००.०० | | | ०.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २००,०००.०० | १६८,३८९.०० | | १२८,०६०.०० | १६८,३८९.०० | | | ३१,६११.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १५०,०००.०० | १४१,४९०.०० | | | १४१,४९०.०० | | | ८,५१०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ७३०,०००.०० | ७३०,०००.०० | | २७८,८६६.०० | ७३०,०००.०० | | | ०.०० |
| २२४१९ | अन्य सेवा शुल्क | १,९४१,०००.०० | १,७५९,०१८.८८ | | १५९,३८८.८८ | १,७५९,०१८.८८ | | | १८१,९८१.१२ |
| २२५११ | कर्मचारी तालिम खर्च | ८०,०००.०० | ८०,०००.०० | | | ८०,०००.०० | | | ०.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ६५९,०००.०० | २९७,२४५.०० | | | २९७,२४५.०० | | | ३६१,७५५.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४६०,०००.०० | ३७८,५००.०० | | ५३,५००.०० | ३७८,५००.०० | | | ८१,५००.०० |
| २२६१२ | भ्रमण खर्च | १५०,०००.०० | १५०,०००.०० | | १०४,९५०.०० | १५०,०००.०० | | | ०.०० |
| २२७११ | विविध खर्च | २५५,०००.०० | २५५,०००.०० | | ३१,३४५.०० | २५५,०००.०० | | | ०.०० |
| २७१११ | सामाजिक सुरक्षा | ९१३,०००.०० | ८१८,४००.०० | | ६१३,८००.०० | ८१८,४००.०० | | | ९४,६००.०० |
| २८१४२ | घर भाडा | ०.०० | | | | | | | ०.०० |
| | कुल जम्मा | १७,४३७,०००.०० | १५,७२६,७४९.४८ | | २,५८४,८४२.९८ | १५,७२६,७४९.४८ | | | १,७१०,२५०.५२ |

## पूँजीगत खर्च

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | आषाढ महिनाको खर्च | आषाढ महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१११२ | गैर आवासिय भवन निर्माण/ खरिद | ३,०००,०००.०० | | | | | | | ३,०००,०००.०० |
| ३११२२ | मेशिनरी तथा औजार | २००,०००.०० | १९४,४२०.०० | | | १९४,४२०.०० | | | ५,५८०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३००,०००.०० | २८१,५१८.०० | | | २८१,५१८.०० | | | १८,४८२.०० |
| | कुल जम्मा | ३,५००,०००.०० | ४७५,९३८.०० | | | ४७५,९३८.०० | | | ३,०२४,०६२.०० |

## राष्ट्रिय परिचयपत्र कार्यक्रम तर्फ पूँजीगत र चाल खर्चको फाँटवारी

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | आषाढ महिनाको खर्च | आषाढ महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७६,०००.०० | ६३,४०९.०० | | २५,०००.०० | ६३,४०९.०० | | | १२,५९१.०० |
| ३११२२ | मेशिनरी तथा औजार | १५०,०००.०० | १५०,०००.०० | | १५०,०००.०० | १५०,०००.०० | | | ०.०० |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १३६,०००.०० | १३५,३११.०० | | १३५,३११.०० | १३५,३११.०० | | | ६८९.०० |
| | कुल जम्मा | ३६२,०००.०० | ३४८,७२०.०० | | ३१०,३११.०० | ३४८,७२०.०० | | | १३,२८०.०० |

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | आषाढ महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | आषाढ महिनाको खर्च | आषाढ महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११३४ | कर्मचारीको बैठक भत्ता | २०,०००.०० | २०,०००.०० | | २०,०००.०० | २०,०००.०० | | | ०.०० |
| २११३९ | अन्य भत्ता | २१५,०००.०० | ४५,८००.०० | | ४५,८००.०० | ४५,८००.०० | | | १६९,२००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५,०००.०० | | | | | | | ५,०००.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १८,०००.०० | १८,०००.०० | | १८,०००.०० | १८,०००.०० | | | ०.०० |
| २२४१३ | करार सेवा शुल्क | ३२०,०००.०० | ३१,८००.०० | | ३१,८००.०० | ३१,८००.०० | | | २८८,२००.०० |
| | कुल जम्मा | ५७८,०००.०० | ११५,६००.०० | | ११५,६००.०० | ११५,६००.०० | | | ४६२,४००.०० |

## धरौटी

| | | |
|---|---|---|
| **१. आम्दानी** | | |
| क. गत आ.व.को धरौटी मौज्दात | | ६६१९०५२.२९ |
| ख. चालु महिना/ आ.व.को प्राप्त भएको धरौटी | | ९११९६६९.०० |
| | जम्मा | १५७३८७२१.२९ |
| **२. खर्च** | | |
| क. चालु आ.व.को फिर्ता भएको धरौटी | | ६२२६४५१.९२ |
| ख. चालु आ.व.को सदर स्याहा भएको धरौटी | | ११३२००.०० |
| | जम्मा | ६३३९६५१.९२ |
| **३. स्रेस्ताअनुसारको बाँकी (१-२)** | | |
| क. नगद | | ० |
| ख. बैङ्क | | ९३९९०६९.३७ |
| | जम्मा | ९३९९०६९.३७ |
| **४. बैङ्कअनुसारको धरौटी मौज्दात** | | |
| **५. फरक (३-४)** | | |
| **६. फरक पर्नाको कारण** | | |

## राजश्व आम्दानी

| सि.नं. | राजस्व शीर्षक | अघिल्लो महिना | यस महिनाको | जम्मा |
|---|---|---|---|---|
| १ | ११६२२-हातहतियारकोइजाजतपत्र दस्तूर | १,५००.०० | ०.०० | १,५००.०० |
| २ | १४२१२-सरकारीसम्पतीको विक्रीबाट प्राप्त रकम | ३८,१००.०० | ०.०० | ३८,१००.०० |
| ३ | १४२२४-परीक्षाशुल्क | ४,३००.०० | ०.०० | ४,३००.०० |
| ४ | १४२२७-राहदानीशुल्क | १०,७६२,५००.०० | १९५,०००.०० | १०,९५७,५००.०० |
| ५ | १४२२९-अन्यप्रशासनिक सेवा शुल्क | १२५,४००.०० | ३७,५००.०० | १६२,९००.०० |
| ६ | १४२५७-हातहतियारको इजाजतपत्र दस्तूर | ४,५००.०० | ७,५००.०० | १२,०००.०० |
| ७ | १४३१२-प्रशासनिकदण्ड,जरिवाना र जफत | ५५,७००.०० | ९१,७००.०० | १४७,४००.०० |
| ८ | १५१११-बेरूजू | ६८,४६०.०० | ०.०० | ६८,४६०.०० |
| जम्मा रकम | | ११,०६०,४६०.०० | ३३१,७००.०० | ११,३९२,१६०.०० |

# सर्वदलीय सर्बपक्षीय बैठक, छलफल र समन्वय

संघीय सरकारको जिल्लास्तरको महत्वपूर्ण कार्यालय भएको तथा प्रचलित कानूनले जिल्लास्थित सरकारी कार्यालयहरुको समन्वय निर्देशन नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रदान गरेकोसमेत हुँदा जिल्लाका सबै बस्तुस्थिति र समस्याहरुको बारेमा जिल्ला प्रशासन कार्यालय जानकार रहँदै आएको छ । यी अवस्थाको समाधान एवं रणनीति तयारीका लागि यस आर्थिक बर्षमा सरोकारवालासँग बिभिन्न बैठक छलफल र समन्वयहरु भएका छन् ।



## सर्बदलीय सर्बपक्षीय बैठक

आर्थिक बर्ष २०७६।७७ भरमा ७ पटक सर्वदलीय सर्वपक्षिय बैठकहरु आयोजना गरिएका छन् । महत्वपूर्ण विषयका सन्दर्भमा औपचारिकरुपमा नै बैठक गरी सो को निर्णय कार्यान्वयन गर्ने अभ्यास गरिएको छ ।

विशेषतः कोरोना संकटको सामना गर्ने क्रममा जिल्लामा क्रियाशिल राजनीतिकदल, बुद्धिजिवी, संचारकर्मी तथा नागरिक समाजसँग सर्वदलीय सर्वपक्षिय बैठकहरु आयोजना भएका छन् । कोरोना संकटको समयमा नेपाल सरकारले जारी गरेको आदेश कार्यान्वय गर्न जिल्लामा निषेधाज्ञा रहेको अवस्थामा जनजीवनलाई सहज र व्यवस्थित गर्दै खाद्यान्न तथा अत्यावश्यक सेवाको संचालन गर्ने सम्बन्धमा सर्बदलीय सर्वपक्षिय बैठकको निर्णयानुसार नै कार्यहरु गरिएको छ । जिल्लामा पसल व्यवसाय खोल्ने समय निर्धारण, खाद्यान्न तरकारीहरुको ढुवानी व्यवस्थापन जस्ता विषयमा सर्वदलीय सर्बपक्षीय बैठकले नै निर्णय गरेको छ ।

त्यसै गरी सिन्धुली उद्योग बाणिज्य संघ सँग बैठक बसी जिल्लाका निजी क्षेत्रका कार्यालय एवं पसल व्यवसायहरुमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने गराउनेसमेत निर्णय गरिएको छ ।

## कार्यालय प्रमुखहरुहरुको बैठक

जिल्लास्थित सरकारी कार्यालयहरुका समस्या समाधान गर्दै राम्रा अभ्यासहरुको अन्यत्रसमेत अनुसरण गर्नका लागि प्रत्येक महिनाको ५ गते जिल्ला प्रशासन कार्यालयमा कार्यालय प्रमुखहरुको बैठक आयोजना गर्ने गरिएको छ ।

सरकारका महत्वपूर्ण निर्णयहरुको कार्यान्वयनमा एकरुपता कायम गर्न तथा अन्तरकार्यालय समन्वय आवश्यक पर्ने प्रकृतिका कामहरुमा सरोकारवाला कार्यालयहरु एकै फोरममा छलफल गरी निर्णयमा पुग्न कार्यालय प्रमुखहरुको बैठक महत्वपूर्ण रहँदै आएको छ । कोरोना संकटको कारण लकडाउनको अवधिमा कार्यालय प्रमुखहरुसँग विद्युतिय माध्यमबाट सम्पर्क स्थापित गरिएको थियो भने सामान्य अवस्थामा प्रत्यक्ष बैठक गर्ने गरिएको छ ।

## सर्वदलीय सर्वपक्षिय बैठकका प्रमुख निर्णयहरु

### मिति २०७६।८।८ मा बसेको सर्बदलीय सर्बपक्षीय बैठक

- ट्रक,ट्रिपर संचालन गर्ने हाल कायम भएको अपरान्ह ९.००वजे देखि बिहान ५.०० वजे सम्मको समय सिमा कार्तिक १६गते देखि फाल्गुण १५ सम्म अपरान्ह ६.०० वजे देखि बिहान ७.०० वजे सम्म,फाल्गुण १६ गते देखि कार्तिक १५ गते सम्म बेलुका ७.००वजे देखि बिहान ६.०० वजे सम्मका लागि समय सिमा परिमार्जन गर्नका लागि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय लाई सिफारिस गर्ने ।
- सार्बजनिक,सरकारी एबं बन क्षेत्रको जग्गाहरुको नयाँ अतिक्रमणलाई पुर्ण रुपले नियन्त्रण गर्ने । बर्षौं देखी सार्वजनिक, एबं सरकारी जग्गा भोग चलन गर्दै आएका ब्यक्तिहरुको लगत संकलन गर्न नगरपालिका, गाउपालिका र डिभिजन वन कार्यलयहरु लाई अनुरोध गर्ने ।
- मदन भण्डारी राजमार्गको पश्चिमि खण्ड अन्तरगत कमलामाई एबं मरिण गाउपालिकाको सिमाबर्ती क्षेत्रमा पर्ने अठुवा भन्ने स्थानमा सडकको Alignment सम्बन्धि बिबाद भएको हुँदा उक्त बिबाद समाधान गर्न सडक प्रभाबित बासिन्दा,स्थानिय जनप्रतिनिधि एबं भद्र भलाद्धि संग छलफल गरी बिबाद समाधान गर्न स्थानिय प्रशासन समेतको संलग्नतामा सम्बन्धित आयोजनाले पहल गर्ने । छलफलबाट समाधान ननिस्किएमा आयोजनाको DPR एबं प्राबिधिक दृष्टीले उपयुक्त स्थान भएर नै सडक निर्माण कार्य अघि बढाउने ।
- मदन भण्डारी राजमार्गको पश्चिमी खण्ड अन्तर्गत सिन्धुली जिल्लाको सदरमुकाम स्थित धुरावजार हुदै सडक जाने गरी र स्विकृत भएकोमा लाभ लागत एबं सामाजिक पक्षको समेत बिश्लेषण गरी उपयुक्त बिकल्प खोज्न सडक आयोजना एबं सडक बिभागलाई अनुरोध गर्ने ।
- कमलामाई २ बस्ने हरिकुमार कार्किको निवेदन सम्बन्धमा संसोधित भुमि सुधार ऐनमा भएको व्यवस्था अनुसार छलफल हुदा संसोधित ऐनमा भएको व्यवस्था अनुसार नै हुने ।

### मिति २०७७।१।२ मा बसेको सर्बदलीय सर्बपक्षीय बैठक

- कोरोना भाइरस संक्रमण रोकथाम र नियन्त्रणका लागि हालसम्म भएका प्रयासहरुको समीक्षा गर्दै हाल सम्म भएका पूर्व तयारीको सम्बन्धमा छलफल गरियो ।
- हाल तराईका जिल्लाहरुबाट लगायत अन्य जिल्लाबाट यस जिल्लाको प्रयोजनको लागि भईरहेको फलफूल, माछामासु, अण्डा, कुखुरा ढुवानी माथि सात दिनका लागि प्रतिवन्ध लगाउने साथै यस जिल्लाको लागि हाललाई आवश्यक खाद्यन्य समेत पर्याप्त मात्रामा रहेको हुँदा खाद्यान्न ढुवानीमा सात दिनको लागि प्रतिबन्ध लगााउने ।
- जिल्ला भित्र संचालित दूध, फलफूल, तरकारी तथा खाद्य सामग्रीहरुका पसल हरेक दिन विहान ६:०० बजे देखि ९:०० बजे सम्म एकपटक मात्र खोल्न दिने ।
- कोरोना रोकथाम र नियन्त्रणका लागि राजनीतिक दलहरुले आफ्ना कार्यकर्ता र भातृसंगठनका कार्यकर्ताहरुलाई आफ्नो क्षेत्रमा मानिसहरु भेला हुन नदिन, मनोरन्जन लगायतका क्रियाकलापहरुमा सहभागी हुन नदिन र आफू पनि अति आवश्यक नपरी घरवाहिर ननिस्की जारी लकडाउनको आदेशको पूर्ण कार्यान्वयनमा सहयोग गर्न निर्देशन दिने ।

### मिति २०७७।१।९ मा बसेको सर्बदलीय सर्बपक्षीय बैठक

- मिति २०७७/१/२ गते बसेको बैठकवाट भएका निर्णयको कार्यान्वयन सम्वन्धमा समीक्षा गरियो।
- हाल तराईका जिल्लाहरुबाटलगायत अन्य जिल्लाबाट यस जिल्लाको प्रयोजनको लागि भईरहेको फलफूल, माछामासु, अण्डा, कुखुराको ढुवानीमा यस अघि मिति २०७७/१/३ गते राति १२:०० बजे देखि ऐ. ९ गते राति १२:०० बजे सम्म लगाइएको प्रतिबन्धलाई मिति २०७७/१/९ गते राति १२:०० बजे बाट २०७७/१/१५ गते राति १२:०० बजे सम्मका लागि कायम गर्ने ।
- यस अघि जिल्ला भित्र खाद्यन्य ढुवानीमा लगाएको प्रतिबन्ध हाललाई खुल्ला गर्ने ।
- जिल्ला भित्र संचालित दूध, फलफूल, तरकारी तथा खाद्य सामग्रीहरुका पसल हरेक दिन विहान ६:०० बजे देखि ११:०० बजे सम्म एकपटक मात्र खोल्न दिने ।
- गृह मन्त्रालयको मिति २०७७।१।७ को पत्रमार्फत अनुरोध भए अनुसार सामाजिक सदभावमा प्रतिकुल असर पर्ने गरी बिभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत प्रवाह हुने गलत सूचना नियन्त्रण तथा सामाजिक सदभाव र धार्मिक सहिष्णुतामा आँच आउन नदिने तथा प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने ।
- गृह मन्त्रालयको पत्रानुसार जिल्लाका सडक बाटो, थुनछेक तथा अवरोध भएको भए अविलम्व बाटो खुलाउने व्यवस्था गरी आवागमन सूचारु गर्ने ।

### मिति २०७७।१।१५ मा बसेको सर्बदलीय सर्बपक्षीय बैठक

- मिति २०७७/१/९ गतेको सर्वदलीय सर्वपक्षीय बैठकवाट भएका निर्णयको कार्यान्वयन सम्वन्धमा समीक्षा गरियो।
- हाल तराईका जिल्लाहरुबाटलगायत अन्य जिल्लाबाट यस जिल्लाको प्रयोजनको लागि भईरहेको फलफूल, माछामासु, अण्डा र कुखुराको ढुवानीमा यस अघि मिति २०७७/१/९ गते राति १२:०० बजे देखि ऐ. १५ गते राति १२:०० बजे सम्म लगाइएको प्रतिबन्धलाई मिति २०७७/१/१५ गते राति १२:०० बजे बाट २०७७/१/२५ गते राति १२:०० बजे सम्मका लागि निरन्तरता दिने।
- जिल्ला भित्र संचालित दूध, फलफूल, तरकारी तथा खाद्य सामग्रीहरुका पसल हरेक दिन विहान ६:०० बजे देखि ११:०० बजे सम्म एकपटक मात्र खोल्न दिने ।

### मिति २०७७।१।२६ मा बसेको सर्बदलीय सर्बपक्षीय बैठक

- मिति २०७७/१/२ गतेको सर्वदलिय बैठकबाट तराईलगायतका अन्य जिल्लाबाट यस जिल्लाको उपभोगको लागि ढुवानी गर्न प्रतिबन्ध लगाइएका बस्तुहरु मध्ये जिउँदो माछा, अण्डा र कुखुराको चल्लाको ढुवानीलाई मिति २०७७/१/१६ गते संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार फुकुवा भएको हुँदा उक्त निर्णयलाई अनुमोदन गर्ने।
- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७/१/२४ को निर्णय कार्यान्वयनको लागि गृह मन्त्रालयको मिति २०७७/१/२५ को पत्रानुसार प्राप्त पत्रको निर्णय नं. ४बमोजिम जिल्ला भित्र संचालन हुने महत्वपूर्ण आयोजनाहरुको लागि आवश्यक पर्ने निर्माण सामाग्रीहरुको सहजताका लागि सम्बन्धित स्थानीय तहले सिफारिस गेरेका निर्माण समाग्री सप्लायर्सहरुलाई ढुवानी गर्न दिन जिल्ला प्रशासन कार्यालयले अनुमती दिने।
- अत्यावश्यक खाद्यान्न, दुध तथा तरकारीका पसल (व्यवसाय) विक्रि वितरणको समय प्रत्येक दिन विहान ७:०० बजे देखि १०:०० बजे सम्म निर्धारण गरियो।

### मिति २०७७।१।३१ मा बसेको सर्बदलीय सर्बपक्षीय बैठक

- कोरोना संक्रमण रोकथाम तथा जोखिम न्यूनीकरणको विषयमा हालसम्म भएका प्रयासहरु बारेमा छलफल गरियो।
- कोरोना भाइरस परीक्षणका लागि RDT/VTMलगायतका आवश्यक पर्ने अन्य स्वास्थ्य सामाग्रीको अभाव भएकोले आपूर्ति व्यवस्थापनको लागि सम्बन्धित निकाय सँग पहल गर्ने।
- यस अघि भएका बैठकका निर्णयहरुलाई थप सजकता लिई सामजिक र भौतिक दूरी कायम गरी कार्यान्वयन गर्ने। छिमेकी जिल्लाहरुबाट यस जिल्लामा हुने मानिसहरुको आवागमनलाई पूर्णरुपमा निरुत्साहित गर्ने।
- प्रत्येक पालिकाहरुका टोल टोलमा कम्तिमा ५ जनाको स्वयंमसेवक टिम बनाई स्थानीय तहहरुबाट खटाई कोभिड–१९ को रोकथाम र नियन्त्रण सँग सम्बन्धित विषयमा जनचेतना जगाउने प्रयास गर्ने।

### २०७७।२।३० सिन्धुली जिल्ला उद्योग बाणिज्य संघ समेतको उपस्थितिमा भएको बैठक

- गृह मन्त्रालयको च.नं. ४१५२ मिति २०७७।२।२९ को पत्रमार्फत प्राप्त कोभिड–१९सम्बन्धी मन्त्रिपरिषदको मिति २०७७।२।२८ को निर्णयहरु विश्व स्वास्थ्य सँगठनले तय गरेका स्वास्थ्यसम्बन्धी मापदण्डहरुको पालना गर्ने गराउने गरी यस जिल्लामा कार्यान्वयन गर्ने तथा सो निर्णयबाट सूचारु हुने सेवाहरुको सञ्चालन गर्दा उक्त सेवा सञ्चालन गर्ने निकायले अनिवार्य रुपमा २ मिटरको सामाजिक दूरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानीटाइजरको प्रयोग गर्नेलगायत जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड पालना गर्न गराउन उद्योग बाणिज्य संघ, सिन्धुलीले आवश्यक सहयोग, कार्यान्वयन तथा समन्वय गर्ने

---

# विपद् व्यवस्थापन

**चुरेक्षेत्रका खहरेखोलाहरुले वर्षेनी धनजनको क्षति पुर्‍याउँदै आएको छ। कमला नदीबाट हुँदै बर्षातको याममा क्षति हुँदै आएको छ। यस क्षेत्रमा वाढी पूर्व सूचना प्रणालीको स्थापना र मदन भण्डारी मार्ग अन्तर्गत कमला नदीमा पक्की पुल निर्माण भएसँगै केही सहजता भने भएको छ। तीनपाटन क्षेत्रको चदाहा र यसका सहायक खोलाहरुमा आउने बाढीले हरेक बर्ष धनजनको क्षति पुग्ने गरेको छ। सेती पैरोलगायत पैरौलेसमेत सम्भावित विपद् निम्त्याउन सक्ने नै देखिन्छ। यसका साथै सडक दुर्घटना संवेदनशिलताको हिसाबले बिपी राजमार्ग तथा मध्यपहाडी लोकमार्ग उच्च रहेको छ।**

### आर्थिक बर्ष २०७६।०७७ मा जिल्लामा भएका विपद्का घटना

| क्र.सं. | कार्यको विवरण | आ.व. २०७६/०७७ को संख्या |
|---|---|---|
| १ | सवारी दुर्घटना घाईते | ७१ |
| २ | सवारी दुर्घटना मृत्यु | ३४ |
| ३ | आत्महत्या | ८१ |
| ४ | बन्दुक प्राहारबाट मृत्यु | १ |
| ५ | हात हतियार सहित पक्राउ | ३ |
| ६ | हात हतियार बरामत | ३ |
| ७ | आगोलागि संख्या | ११ |
| ८ | आगोलागीबाट घाईते | १ |
| ९ | आगोलागिबाट चौपाय मृत्यु | १ |
| १० | आंशिक घर क्षति | ३ |
| ११ | पूर्ण घर क्षति | १५ |
| १२ | बाढी तथा डुवि वगाइबाट मृत्यु | ७ |
| १३ | डुवि बगाई बेपत्ता | |
| १४ | हावा हुरीबाट घर आंशिक क्षति | ८३ |
| १५ | हावा हुरीबाट घर पूर्ण घर क्षति | १ |
| १६ | हावा हुरीबाट आंशिक गोठ क्षति | २३ |
| १७ | चट्याङबाट मृत्यु | २ |
| १८ | चट्याङबाट घाईते | ५ |
| १९ | चट्याङबाट चौपाय मृत्यु | ५ |
| २० | जनावर आक्रमणबाट मृत्यु | १ |
| २१ | जनावर आक्रमणबाट घाइते | ४ |

### बाढी तथा पहिरोबाट उच्च सर्तकता

जल तथा मौसम विज्ञान विभागबाट प्रकाशित मौसम बुलेटिन तथा पूर्वानुमान अनुसार बाढी पहिरोबाट सतर्कता अपनाउन आवश्यक तयारी गर्ने, परिचालन र समन्वय गरिएको छ।

### सलहको संभावित प्रकोप पूर्वतयारी

सिन्धुली जिल्लामा पनि फाट्टफुट्ट रुपमा सलह देखिएको थियो। सलह किराको वथानबाट हुन सक्ने सम्भावित कृषि वाली जोखिमलाई नियन्त्रणका लागि जिल्ला प्रशासन कार्यालयले स्थानीय तहहरुसँगको समन्वयमा प्रत्येक दिन सूचना संकलन तथा अवस्थाको विश्लेषण गर्ने गरेको छ। जिल्ला भित्र स्थानीय तहका कृषि प्राविधिक तथा किसानहरुसँग सम्वादमार्फत विवरण संकलन तथा जोखिम मूल्याँकन भईरहेको छ। हालसम्म उल्लेख्य मात्रामा सलहको प्रवेश भएको पाइएको छैन र यसले पूर्‍याएको क्षतिसमेत उल्लेख्य देखिएको छैन्।

### जिल्ला आपतकालिन कार्य संचालन केन्द्रको गतिविधि

जिल्लाभरमा सबै किसिमका विपद्सम्बन्धी तथ्याङ्क एवम् सूचनाको संकलन तथा विश्लेषण गर्ने र समन्वय गर्दै सम्बन्धित निकायलाई उक्त सूचना उपलब्ध गराउने कार्य जिल्ला आपतकालिन कार्य संचालन केन्द्रले गर्दै आएको छ। विपद् प्रतिकार्यमा संलग्न निकायहरुबीचको समन्वयलाई अभिवृद्धि गर्न यसले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

जिल्ला प्रशासन कार्यालयमा रहेको कार्य संचालन केन्द्र चौविसै घण्टा खुला रहेको छ।

# विपद् व्यवस्थापन समितिका प्रमुख निर्णयहरु

### मिति २०७६।४।१ मा भएको बैठकको निर्णय

- मिति २०७६।३।२५ गतेदेखि परेको अविरल बर्षाको कारण बाढी पहिरोबाट मृत्यु हुनेहरुको आत्माको चिर शान्तिको कामना एवं शोक सन्तप्त परिवारजनप्रति समवेदना र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने ।
- बढी पहिरोबाट भएको क्षतिको यथार्थ विवरण सम्बद्ध कार्यालय गापा र नपाहरुले संकलन गर्ने ।
- तत्काल राहतको लागि ५००० थान तार जाली उपलब्ध गराउन केन्द्रिय विपद् व्यवस्थापन समिति मार्फत अनुरोध गर्ने ।
- विस्थापित घर परिवारको यथार्थपरक लगत नेपाल प्रहरी र रेडक्रसले स्थानीय गा पा र न पा हरुसँग समन्वय गरी यथाशीघ्र संकलन गर्ने
- हराइरहेको व्यक्तिहरुको खोजतलासलाई नेपाल प्रहरी र सशस्त्र प्रहरीले तीव्रता दिने ।
- मृत्युहुनेका हकदारलाई स्वीकृत मापदण्ड अनुसार राहत उपलब्ध गराउने ।
- राजमार्गहरुमा रहेको अवरोध तत्काल हटाउन तत् तत् आयोजनाहरुलाई निर्देशन दिने ।
- अवरुद्ध विद्युत सेवा सुचारु गर्न विद्युत प्राधिकरणलाई निर्देशन दिने ।
- खोज उद्दार र राहतमा संलग्न सबैलाई हार्दिक धन्यवाद दिने ।

### मिति २०७६।१२।११ मा भएको बैठकको निर्णय

- जारी निषेधाज्ञा आदेशको प्रभावकारी कार्यान्वयन गर्न सबैले सहयोग गर्ने ।
- कोरोना न्यूनीकरण तथा रोकथामको लागि स्थानीय तह गैरसरकारी संघसंस्था लगायत सबै निकायबाट व्यापक रुपमा जनचेतना र प्रचार प्रसार गर्ने ।
- तत्काल क्वारेन्टाइनमा राख्नुपर्ने व्यक्तिका लागि भू तथा जलाधार व्यवस्थापन शाखा कार्यालयमा ३९ बेडको क्वारेन्टाइनस्थल निर्माण गरी संचालन गर्ने ।
- कोभिड १९ नियन्त्रण बाहिर गइ धेरै संख्यामा क्वारेन्टाइनमा राख्नुपर्ने भएमा भगवती बोर्डिङ स्कुलमा १५०,सिद्धस्थली बोर्डिङ स्कुलमा १५० जनता बोर्डिङ स्कुलमा १०० सिन्धुली टेक्निकल कलेजमा १०० पानिट्याँकी मा वि मा २०० जनालाइ राख्न सक्ने क्षमताको क्वारेन्टाइनका रुपमा प्रयोग गर्न सक्ने ।
- सबै स्थानीय तहलाई हाललाई कम्तिमा ३०० जना व्यक्ति राख्न सक्ने क्वारेन्टाइनस्थलको क्षेत्र पहिचान निर्माण र व्यवस्थापन गर्ने ।
- कोरोना नियन्त्रणका लागि आवश्यक श्रोत साधनको व्यवस्थापनका लागि आर्थिक सहयोगका लागि अपिल गर्ने र प्राप्त हुने सहयोगलाई जिल्ला दैविक प्रकोप विपद व्यवस्थापन कोषमा राख्ने ।

### मिति २०७६।१२।२८ मा भएको बैठकको निर्णय

- कोभिड १९ सक्रमण रोकथाम तथा नियन्त्रणका लागि विपद व्यवस्थापन समिति तथा स्थानीय तहवाट हालसम्म भएका कार्यहरुको समीक्षा गरियो ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको पत्रानुसार कोभिड १९ सक्रमणको रोकथाम, नियन्त्रण र तथा उपचार लगायतका कार्य गर्न एक शसक्त र प्रभावकारी संयन्त्रका रुपमा Crisis Management Center स्थापना गर्ने निर्णय अनुसार सवै स्थानीय तहमा पालिकास्तरीय संरचना निमार्ण गरी कार्यादेश अनुसार कार्यसम्पादन गर्ने ।
- गृह मन्त्रालयको मिती २०७६।१२।१६ को निर्णयानुसार कुनै निकाय, सँघ/संस्था व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क राख्नुपर्ने । तोकेको मापदण्ड अनुसारका सहयोग सामाग्रीहरु भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडास्तरीय समिति मार्फत राहत वितरणमा एकरुपता कायम गर्ने ।
- प्रत्येक स्थानीय तहका लागि आवश्यक अत्यावश्यक खाद्यपदार्थहरुको मौज्दातको विवरण लिई त्यस्ता खाद्य पदार्थको अभाव हुन नदिन सम्बन्धित स्थानीय तहबाट विशेष पहल गर्ने ।

### मिति २०७७।२।२३ मा भएको बैठकको निर्णय

- कोभिड–१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि हालसम्म भएका कार्यहरुको समीक्षा गरियो
- “विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७” लाई स्वीकृत गरी कार्यान्वयन गर्ने र यस योजनाको प्रकाशन गर्न नेपाल रेडक्रस सोसाइटी सिन्धुलीलाई जिम्मा दिने ।
- जिल्ला भित्र हुन सक्ने सम्भावित विपद् बाढी, पहिरो, आगालागी, हुरी बतास, चट्याङ्ग, भुकम्प जस्ता विषयमा  खोज उद्धार राहत तथा पुनस्थापना लागि सबै सुरक्षा निकाय, स्थानीय तह, सरकारी तथा गैर सरकारी निकायहरु तत्काल परिचालन हुने गरी तयारी अवस्थामा रहने ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७७ मा तोकिएबमोजिम सबै सुरक्षा निकायहरु, स्थानीय तह, सरकारी तथा गैर सरकारी निकायहरुले विपद्को समयमा खोज, उद्धार र राहतका लागि आवश्यक पर्ने उपकरण, खाद्य तथा गैरखाद्य सामाग्रीहरुको यथोचित बन्दोबस्त मिलाउने ।
- विपद्को पूर्व तयारी सँग सम्बन्धित विषयमा सचेतनामूलक कार्यक्रमहरु स्थानीय संचारमाध्यम, सामुदायिक रेडियो, एफ.एम., पत्रपत्रिका आदिबाट प्रकाशन/प्रसारण गर्ने ।
- स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गर्ने, सोको लागि आवश्यक बजेट विनियोजन गर्ने साथै वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने ।
- विपद्को समयमा तत्काल परिचालित हुन सक्ने गरी बनेपा–सिन्धुली–बर्दिबास सडक आयोजना, मध्यपहाडी लोकमार्ग आयोजना, मदनभण्डारी लोकमार्ग आयोजना र कमलामाई नगरपालिकाको डोजर, स्क्याभेटरलाई स्ट्याण्डवाई अवस्थामा राख्ने । सबै स्थानीय तहले एम्बुलेन्स र दमकल जस्ता साधनहरुलाई मर्मत गर्नुपर्ने भए मर्मत गरी तयारी अवस्थामा राख्ने।
- सिन्धुली अस्पताल, नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखा र निजी क्षेत्रबाट संचालितसमेत सबै एम्बुलेन्सहरु जुनसुकै बखत प्रयोग गर्न सकिने गरी चालु अवस्थामा राख्न निर्देशन दिने ।
- सिन्धुली अस्पताल, स्वास्थ्य कार्यालय र स्थानीयतहहरुले अति आवश्यक औषधीहरु तयारी अवस्थामा राख्ने ।
- जिल्ला भित्र आवश्यक पर्ने खाद्य तथा गैर खाद्य सामग्रीको अभाव हुन नदिन सिन्धुली उद्योग बाणिज्य संघका तर्फबाट विशेष पहल गर्ने ।
- सञ्चार, विद्युत, खानेपानी जस्ता अत्यावश्यक सेवा तत्काल सुचारु राख्नको लागि सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन निर्देशन दिने ।
- जिल्ला आपतकालिन कार्य संचालन केन्द्रलाई सवलीकरण गर्न स्थानीयतह र गैरसरकारी संस्थालाई अनुरोध गर्ने ।
- जोखिमका स्थानहरुमा संरचनाहरु निर्माण मर्मत सम्भार नभएमा जनधनको क्षति हुने सम्भावनालाई मध्यनजर गरी जल उत्पन्न प्रकोप व्यवस्थापनको आपतकालिन कार्यको कार्यविधि, २०७३ अनुसार तुरुन्त कार्य शुरु गरी बर्षाको बाढि अगाडी नै कार्य सम्पन्न गर्न निर्देशन दिने
- सिड्स नेपाल, सिन्धुलीलाई विपदसम्बन्धी परियोजना सञ्चालन गर्न अनुमती दिने ।
- बाग्मती प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयकोबाट कोभिड–१९ को रोकथाम र नियन्त्रणका लागि प्राप्त रकम रु ५,००,०००/– मध्येबाट खरिद गरिसकेको स्वास्थ्य सामग्रीको खर्च समर्थन गर्ने र बाँकी रकम कोभिड–१९ को रोकथामका लागि आवश्यक स्वास्थ्य उपकरणहरु खरिद गर्ने ।
- गृह मन्त्रालयबाट खोज तथा उद्धार सामग्री खरिद गर्न प्राप्त रु २ लाख  बाट यस जिल्लामा विपद् प्रकोप प्रतिकार्यको लागि आवश्यक पर्ने खोज तथा उद्धार सामग्रीहरु खरिद गर्ने ।
- २०७६ श्रावण १ गते देखि २०७७।२।२३ गते सम्म विपदमा परि मृत्यु हुने ९ जनालाई जनही रु १ लाखका दरले जम्मा रु. ९ लाख र विपदमा परी पूर्ण रुपले क्षति भएका घरपरिवार संख्या १४ लाई दिइएको राहत रकम जम्मा रु ९८,५००/– गरी कुल जम्मा ९,९८,५००/– भएको खर्च अनुमोदन गर्ने ।
- कोभिड–१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि जिल्लास्तरमा एउटा कोष संचालन गर्ने, जिल्ला समन्वय समितिमा छुट्टै कोभिड–१९ सँग सम्बन्धित खाता खोल्ने । जिल्ला स्थित सबै पालिकाहरु सरकारी तथा गैरसरकारी निकायहरुबाट स्वेच्छाले रकम जम्मा गर्ने ।
- सिन्धुली समाज दक्षिण कोरियामा रहेको युवाहरु बाट आर्थिक संकलन गरी प्राप्त भएको १०० (एक सय) थान Infrared Forhead Thermometer वितरण गर्ने स्थानीयतह, सुरक्षा निकाय र संस्थाहरुलाई वितरण गर्ने ।

### मिति २०७७।३।२६ मा भएको बैठकको निर्णय

- जिल्लामा हुनसक्ने संभावित क्षति न्यूनीकरणका लागि सरोकारवाला सम्बन्धित सबै निकायहरु चनाखो हुनुपर्ने र समन्वयात्मक रुपमा कार्य गर्न जिल्ला विपद् व्यवस्थापन समितिबाट हालै तयार भई लागु भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७७ बमोजिम सबै निकायहरु सम्भावित विपद्को अवस्थामा खोज, उद्धार र राहतका लागि तत्काल परिचालित हुन सक्ने गरी तयारी अवस्थामा रहने  । संभावित जोखिमयुक्त स्थानमा रहेका बस्तीहरुमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा उच्च शतर्कता अपनाउने, जनचेतना जगाउने, भारी वर्षा भएको बखत सुरक्षित स्थानमा बस्न अनुरोध गर्ने यस सम्बन्धमा आवश्यक सतर्कताका लागि चेतनामूलक सामाग्री प्रसारणका लागि स्थानीय संचार माध्यामहरुलाई अनुरोध गर्ने ।
- विपद्को रुपमा खोज उद्धार र राहतका लागि आ–आफ्नो निकायबाट भएको तयारी, मौज्दातमा रहेका उद्धार तथा राहत सामाग्रीहरुको साथै विपदका वेला आ–आफ्नो निकायबाट खेल्न सकिने भूमिकाका बारेमा समेत छलफल गरियो ।

# बजार अनुगमन

जिल्ला भित्र खाद्य पदार्थ, औषधी, दुध, पानी जस्ता अत्यावश्यक बस्तुहरुको नियमित आपूर्ति सुनिश्चिता गर्न बजारमा स्वच्छ प्रतिस्पर्धा प्रबर्धन गर्दै उपभोक्ता हित संरक्षण गर्न बजार अनुमगन गर्ने गरिएको छ । यस आर्थिक बर्षमा सवारी साधनको भाडा, तरकारी तथा खाद्यान्न, निर्माण सामग्री, मलबीउको अनुगमन गरिएको छ ।

उपभोग्य वस्तु तथा आवश्यक सेवाहरुको गुणस्तर, उपभोग्यता आदि बिषयमा आवश्यकता अनुसार बजार अनुमगन गर्ने गरिएको छ ।



## खाद्यान्न पसल अनुगमन

लकडाउनको अवधिमा सीमित समयमा मात्र खुलेका बजारमा मूल्य बृद्धि भएको भन्ने गुनासो सम्बोधनका लागि २०७७ जेठ महिनाका बिभिन्न मितिमा बजार अनुगमन गरिएको छ ।

जिल्ला सदरमुकामका ढुङ्ग्रेबास, रातमाटा क्षेत्रका साथै कमलामाइ–१ भीमान बजारमा खाद्यान्न स्टोर अनुगमन गरी म्याद नाघेका र खान अयोग्य बस्तुलाई बरामद गरि नष्ट गरिएको छ । अनुगमनमा मूल्यवृद्धि भएको नपाईएको तर म्याद गुज्रिएका खाद्यान्न बिक्री भईरहेको पाइएको छ ।अनुगमनमा जिल्ला प्रशासन कार्यालयका साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, घरेलु उद्योग विकास कार्यालय, जिल्ला प्रहरी कार्यालय र स्थानीय जनप्रतिनिधिहरुकोसमेत सहभागिता रहने गरेको छ ।

## यातायात भाडा अनुगमन

बिपि राजमार्गमा चल्ने भाडाका सवारी साधनहरुले तोकिएको दररेट भन्दा बढी भाडा लिएको भन्ने गुनासो बढेपछी सो सम्बन्धमा सवारी साधनहरुको चेकजाँच गरी यात्रुहरु सँगसमेत सोधपुछ गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, सिन्धुलीले ट्राफिक प्रहरीको सहयोगमा यातायातका साधनमा अनुगमन गरेको हो ।

कमलामाई ६ शिवनगर चोकमा सवारी साधनमा चेकजाँच गरि तोकिएभन्दा बढी भाडा तिरेका व्यक्तिहरुको भाडा फिर्ता गराईएको र बढी भाडा लिएका ५ वटा सवारी साधनलाई कारवाहीका लागि यातायात व्यवस्था विभागमा पठाइएको छ ।

धेरै सवारी साधनले टिकट दिने गरेको नपाइएको र एकै ठाउँ जाने यात्रुहरुसँगसमेत फरक फरक भाडा लिएकोसमेत भेटिएको छ ।

## मल गोदाम अनुमगन गरी सिल

किसानले मल नपाएको र मल बढी मुल्यमा विक्री गरेको गुनासोका आधारमा सिन्धुलीको जय भगवानी कृषि सहकारी संस्थाको रासायनिक मलको गोदाममा निरिक्षण गरिएको छ ।

यस क्रममा गोदाम शिल गरिएको र मल ल्याएर आएका ३ वटा सवारी साधनको मलसमेत जफत गरिएको छ ।

सहकारीमार्फत रामेछाप पठाउन थालिएको ५५ बोरा मल बरामद गरिएको छ । भने गोदाममा रहेको एसएसपी ११९ बोरा, एल्मुनियम सल्फेटोटेम ४० बोरा, जिंक ४ बोरा, पोटास ५ बोरा, डिएपी ५ बोरा, माइक्रो स्ट्रीको १०० एमएलको ८० पिस, कप गोल्ड १०० एमएल एकसय पिस, माइक्रो केल्स १०० एमएलको १५० पिस, माइक्रो केल्स २५० एमएलको २ कार्टुन लगाएतका सामग्री सहित गोदाम सिल गरिएको छ ।

गोदाम सिल गरि संचालनलाई रु १ लाख ७० हजार धरौटी लिई छाडिएको र निज उपर कालाबजारी अन्तर्गत मुद्दा चलाइएको छ ।

## निर्माण सामग्रीको अनुगमन

मिति २०७७ जेठ ३० गते जिल्ला प्रशासन कार्यालय , घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला प्रहरी कार्यालयबाट रातमाटा र ढुंग्रेबास क्षेत्रमा रहेका हार्डवेयर पसलहरुमा निर्माण सामग्रीहरुको अनुगमन सम्पन्न गरियो । बजार अनुगमन अधिकृत तथा सहायक प्रमुख जिल्ला अधिकारी ऋद्धि प्रकाश सिटौलाको नेतृत्वमा खटिएको टोलीले निर्माण सामग्रीको गुणस्तर र उपलब्धताका बारेमा अनुगमन गरेको हो ।










कार्यालय परिसर सरसफाइ गर्दै प्र.जि.अ. लगायत कर्मचारीहरु

# जिल्ला प्रशासन कार्यालय गतिविधि

## जिल्ला प्रशासन कार्यालय आफ्नै नवनिर्मित भवनमा

आर्थिक बर्ष २०६७।७७ मा नै जिल्ला प्रशासन कार्यालय कमलामाई नगरपालिका वडा नं ६ स्थित आफ्नै नवनिर्मित भवनमा सरेको छ । नव निर्मित भवनमा कार्यकक्ष, काउन्टर, सभाहललगायत स्थलहरुको फर्निसिङ तथा डेकोरेशन गरिएको छ ।

## गाँउपालिकामा प्रशासनको अन्तर्कृया

नागरिकता तथा अन्य शिफारिशका लागि आवश्यक पर्ने कागजात एवं प्रकृयाहरुको बारेमा जानकारी एवं छलफल गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालयले समन्वयात्मक अन्तर्कृया कार्यक्रम सम्पन्न गरेको छ ।

फिक्कल र हरिहरपुरगढी गाँउपालिकामा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको उपस्थितिमा नागरिककता शाखाको टोलीबाट कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा स्थानीय तहबाट



नागरिकता शिफारिश गर्दा देखा परेका समस्या तथा चुनौतीका बारेमा छलफल गरि कानूनी तथा कार्यविधिगत प्रकृयाका बारेमा सहभागी जनप्रतिनिधि तथा कर्मचारीलाई जानकारी गराइएको थियो ।

## कार्यालय परिसर सरसफाई

कार्यालयको सरसफाई प्रति कार्यरत सबै कर्मचारीलाई स्वंयम नै जागरुक वनाउनका लागि प्रमुख जिल्ला अधिकारीलगायत सबै कर्मचारीद्वारा समय समयमा कार्यालय परिसर सरसफाई कार्यक्रम गर्ने गरिएको छ । यस आर्थिक बर्षमासमेत यस्ता कार्यक्रमहरु गरिएका छन् ।

प्रमुख जिल्ला अधिकारीको अग्रसरता, संयोजन तथा निर्देशनमा बिभिन्न दिवस तथा अन्य अवसर एवं आवश्यकता अनुसार सरसफाई गर्ने गरिएको छ ।

कार्यालय परिसरमा यत्रतत्र फालिएका फोहरजन्य पदार्थहरुको संकलन र व्यवस्थान गर्नुका साथै अनावश्यक झारपातहरु हटाउने र फल एवं बृक्षहरुको संरक्षण सम्बर्द्धन गर्नेलगायतका कामहरु गरी परिसर सरफाई गर्ने गरिएको छ ।

## कार्यालय परिसर र कोठाहरु सफा सुग्घर राखिने

कार्यालय परिसरलाई हरियालीयुक्त र सफा राखिराख्न बिभिन्न प्रयासहरु गर्ने गरिएको छ । कार्यालय परिसरमा कर्मचारीहरुले महिनामा १ पटक नियमित रुपमा सरसफाई गर्ने गरिएको छ । कार्यालयमा पर्याप्त संख्यामा फोहरदानीहरु राखिएको छ । शौचालयमा नियमित र पर्याप्त पानी व्यवस्था ग रिएको छ ।

## नागरिकता तथा राहदानीको अभिलेख सुरक्षा

नागरिकताको महत्वपूर्ण अभिलेखको सुरक्षाका लागि नागरिकताका सबै अभिलेखहरु कम्प्यूटर इन्ट्रि भएका छन् । यसबाट नागरिकताका विवरण कम्प्यूटरमा नै रहने हुँदा प्रतिलिपि लिन सहज हुनुका साथै अभिलेख सुरक्षामा महत्वपूर्ण काम भएको छ । यसका साथै कर्मचारी र सेवाग्राहीवीच दूरी कायम राखी सहज सेवा प्रवाहका लागि नागरिकता र राहदानी शाखामा उपयुक्त र छरितो हुने गरी ढोकामा काउन्टर रेलिङ बनाइएको छ ।




## सरुवा भई जाने कर्मचारीको विदाइ

जिल्ला प्रशासन कार्यलय सिन्धुलीबाट अन्यत्र सरुवा हुनुभएका वा सेवा निवृत्त हुनुभएका सहकर्मी कर्मचारीहरुलाई विदाइ (फेरी भेटौला) कार्यक्रम गरिएको छ । कार्यालयमा रहँदा बस्दा गरेका कामहरुको समीक्षा गर्दै वहाँहरुको आगामी दिनमा पनि कार्यकाल सफ़लताको कामनाका साथ औपचारीक/अनौपचारीक कार्यक्रम गरी विदाइ गरिएको छ । विगत आर्थिक बर्षमाा जिल्ला प्रशासन कार्यलयबाट ११ जना कर्मचारीको रमाना भएको छ ।

## आर्थिक बर्ष २०७६।७७ मा यस कार्यलयबाट रमाना हुनुभएका कर्मचारीहरु

| सरुवा भई जाने कर्मचारी | रमाना मिति |
|---|---|
| प्र.जि.अ. श्री जनार्दन गौतम | २०७६ चैत्र ५ |
| स.प्र.जि.अ. श्री विजया कुमारी प्रसाई | २०७७ बैशाख १९ |
| प्र.अ. श्री हुतराज निरौला | २०७६ श्रावण २९ |
| ना.सु. श्री इश्वर कुमार आचार्य | २०७६ पौष १८ |
| ना.सु. श्री मनु पोखरेल | २०७६ असार २१ |
| टा.ना.सु. श्री सुर्वण विक्रम देवकोटा | २०७६ भाद्र २५ |
| क.अ. श्री अस्मिता लुङ्गेली | २०७६ असोज १० |
| खरिदार श्री रुपेश ज्ञवाली | २०७६ श्रावण २ |
| खरिदार श्री तुल्सिराम चपाई | २०७६ श्रावण २ |
| स.क.अ. श्री मनोज कुमार सिंह | २०७६ भाद्र २० |
| का.स. श्री पूर्ण बहादुर थापा मगर | २०७६ मंसिर ३० |





# जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य

जिल्लाको समग्र शान्ति सुरक्षा र व्यवस्थाका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुख तथा सहायक प्रजिअ रहने गरी जिल्ला सुरक्षा समिति रहने कानूनी व्यवस्था रहेको छ । यसै अनुसार सिन्धुली जिल्लामा सुरक्षा समितिले जिल्लाको समग्र शान्ति सुरक्षालगायतका विषयमा नियमित रुपमा समीक्षा गर्दै आवश्यक निर्णयहरु गरिँदै आएको छ । यी निर्णयहरुलाई सबै सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकायहरुले समन्वयात्मक ढंगबाट कार्यान्वनय गरिँदै आएको छ ।

कोरोना श्रृजित विश्वव्यापी महामारीको कारणले सिन्धुली जिल्लामासमेत प्रभाव परेको छ । आपराधिक समूह तथा व्यक्तिहरु कानूनी दायरामा ल्याउने काम भईरहेको छ । यस बाहेक जिल्लाको समग्र शान्ति सुरक्षा सामान्य नै रहेको छ ।

आर्थिक बर्ष २०६७।७७ मा भरमा २९ पटक जिल्ला सुरक्षा समितिको बैठक भएको छ । यी बैठकले जिल्लाको शान्ति सुरक्षालगायतका विषयमा निर्णय भई सो को कार्यान्वयन गरेको छ ।

## स्वास्थ्य सचेतना जगाउँदै प्रशासन कार्यालय

### सर्वसाधारणलाई मास्क वितरण गर्दै सम्झाइयो, अटेर गर्ने उपरका कारवाही गरिने







कोरोना भाइरसको संक्रमण झनै बढीरहेको सन्दर्भमा बजार क्षेत्रमा मानिसको भिडभाड देखिएको र यस क्रममा मानिसहरुले स्वास्थ्य सुरक्षाको न्यूनतम मापदण्ड समेत पालना नगर्ने देखिएको हुँदा यस प्रबृत्तिमा कमी ल्याउन कडाइ गर्न थालिएको छ । यस सँगै श्रावण ९ गते सिन्धुलीको वजार क्षेत्रमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख लगायतबाट सचेतना तथा सम्झाइ बुझाइ गर्दै मास्क वितरण गरिएको छ ।

बजारमा हिंड्ने अधिकांश मानिसहरु मास्क नलगाई हिडेको देखिएकोले मास्क लगाउन सम्झाइएको र मास्क नहुनेलाई मास्क वितरण गरिएको छ । यस क्रममा ४०० थान सर्जिकल मास्क उपलब्ध गराइएको हो ।

कोरोना संक्रमण फैलन नदिन सबैलाई मास्क लगाउन र दूरी कायम गर्दै कुराकानी र हिड्डुल गर्न आग्रह गरिएको छ । एकपटकका लागि सम्झाएर छाडिएको भएतापनि फेरी अटेर गर्नेलाई संक्रामक रोग नियन्त्रण ऐन २०२० बमोजिम कारवाही गरिने सूचना गरिएको थियो । श्रावण १० गते बाट गरिएको यस्तो कारवाहीमा हालसम्म १४६ जनालाई जरीवाना गरी कारवाही गरिएको छ । जरीवाना वापत रु ११५० संकलन भएको छ । जरीवानावाट मात्र अटेर गरे नियन्त्रणमा लिई कारवाही गरिने गरी सम्झाइएको छ । आगामी दिनमा सोही अनुसार नियन्त्रणमा लिइने र मुद्दा समेत दर्ता गर्न सकिने गरि सवैमा जानकारी गराइएको छ ।

## प्रहरीलाई घुस दिन खोज्ने चालकलाई मुद्दा

लकडाउनको अवधिमा भाडा लिई यात्रु बोक्ने, सम्झाइ बुझाइ गर्दा उल्टै प्रहरी कर्मचारीलाई घुस दिन खोज्ने २ जना चालकलाई नियन्त्रणमा लिई संक्रामक रोग नियन्त्रण ऐन २०२० बमोजिम मुद्दा चलाईएको छ । भिमान चेकपोष्टमा चेकिङको क्रममा विना सवारी पास अनुमति तोकिएको भन्दा बढी यात्रु राखेर हिंडेका सवारी साधनलाई सम्झाइ बुझाइ गर्दा प्रहरी कर्मचारीलाई घुस दिन खोज्ने चालकहरुलाई नियन्त्रणमा लिइएको थियो । हाल जिल्ला प्रशासन कार्यालय, सिन्धुलीमा मुद्दा दर्ता भई कारवाही चलिरहेको छ ।

## लकडाउनको अवधिमा पसल चलाउनेलाई मुद्दा चलाई फैसला भयो

लकडाउनको समयमा अत्यावश्यक वस्तु तथा सामानको मात्र पसल खोल्ने र सो को लागि समय समेत निर्धारण गरी आदेश जारि गरिएकोमा सो आदेशको पालन नगर्ने दुई जना व्यापारीलाई मुद्दा दायर गरी फैसला गरिएको छ ।

संक्रमणको जोखिम रहेको अवस्थामा सामाजिक दूरी समेत पालना नगरी स्वास्थ्य सतर्कता नअपनाई पसल व्यवसाय खोलेको कसुरमा नियन्त्रणमा लिइएको थियो । निजहरुलाई मुद्दा दायर गरिएकोमा संक्रामक रोग नियन्त्रण ऐन २०२० बमोजिम जनही १०० जरीवाना गरी छाडिएको छ ।



# कोभिड १९ संकट व्यवस्थापन

**विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम, न्यूनीकरणका लागि नेपाल सरकारको निर्णयानुसार सबै जिल्लाहरुमा जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्र DCCMC गठन भएको थियो । यसै क्रममा सिन्धुली जिल्लामासमेत प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा तथा जिल्लास्थित सुरक्षा र स्वास्थ्यलगायत निकायहरुका प्रमुखहरु सम्मिलित सिन्धुली जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्र गठन भएको थियो । DCCMC ले कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजीकरण र अनुगमन गर्ने काम गरेको छ । नेपाल सरकारबाट प्राप्त कार्यादिशबमोजिम कोभिड १९ रोकथाम र न्यूनीकरणका सन्दर्भमा यसै केन्द्रमार्फत बिभिन्न गतिविधिहरु सम्पन्न भएका छन् ।**

## सवारी जाँच चेकपोष्ट संचालन

सिन्धुली जिल्लाको प्रवेश विन्दु वि.पि. राजमार्गको चुरे क्षेत्र र प्रस्थान विन्दु नेपालथोकमा चेकजाँचको व्यवस्था मिलाउने निर्णय भई कार्यान्वयन गरिएको छ ।

## जिल्लामा अडकिएका मजदुरलाई घर फिर्ता

लकडाउनको समयमा जिल्लामा रहेका बिभिन्न उद्योग तथा आयोजनाहरुमा काम गर्ने मजदुरहरुलाई आफ्नो घरसम्म पठाइएको छ । बिभिन्न क्षेत्रमा काम गर्ने करिब २५०० जना मजदुरलाई आ–आफ्नो घरमा पठाई उद्धार गरिएको छ।

## राजमार्गमा अलपत्र व्यक्तिलाई उद्दार

लकडाउनको समयमा वि.पि. राजमार्गमा पैदल हिडेर आएका करिब १८००० जना श्रमिक र अन्य व्यक्तिहरुलाई जिल्लाका माननीयज्यू, जनप्रतिनिधी, सुरक्षा निकाय, यातायात व्यवसायी अन्य संघसंस्था सँग समन्वय गरी खाद्यान्य पानीको व्यवस्था गरी जिल्लाको सीमाना सम्म पुरयाई उद्धार गरिएको थियो ।

## राहत वितरणमा समन्वय

दैनिक गुजारा गरी खाने मजदुर तथा बिपन्न परिवारका लागि स्थानीय तहहरुले वितरण गरेको राहत व्यवस्थापनमा DC-CMC ले सक्रियतापूर्वक समन्वय गरेको छ । लकडाउनको अवधिमा सिन्धुलीमा तेत्तिसहजार घरधुरीलाई राहत वितरण गरिएको छ । कोरोना भाइरसको महामारीका कारण दैनिक गुजारा गर्न समस्या परेका गरिव बिपन्न तथा दैनिक ज्यालादारी मजदुरहरुलाई राहत वितरण गरिएको हो । बिभिन्न स्थानीय तहहरुमार्फत राहत वितरण भएको छ ।



## प्राप्त स्वास्थ्य सामग्री हस्तान्तरण

बिभिन्न सहयोगी संस्थाहरुबाट कोभिड-१९ प्रतिरोध एवं उपचारका लागि अत्यावश्यक स्वास्थ्य सामग्री जिल्ला प्रशासन कार्यालयमा प्राप्त भएको छ । प्राप्त भएका सामग्रीहरुमा पिपिइ सेट ३०, थर्मल गन २०, लगायत मास्क, पन्जा रहेका छन् । यी सामग्रीहरु सिन्धुली जिल्लाका अस्पताल, स्थानीय निकाय तथा सुरक्षा निकायहरुलाई उपलब्ध गराइएको छ ।

## जनस्वास्थ्य र सुरक्षा मापदण्ड पालना अनुगमन

कोरोना संक्रमणको जोखिममा सतर्कता अपनाउन सबैमा बिभिन्न सूचना तथा जानकारीहरु जारी गर्ने काम भएको छ ।

भारतलगायत तेस्रो मुलुकबाट नेपाल प्रवेश गरी सिन्धुली जिल्ला ठेगाना भएका व्यक्तिहरुलाई जिल्लाका बिभिन्न क्वारेन्टिनमा राखि तोकिएको अवधि पूरा भएपछी घर पठाउने गरिएको छ । २०७७ असार मसान्तसम्ममा भारतलगायत तेस्रो मुलुकबाट ७३५ जना सिन्धुली प्रवेश गरेका छन् । जसमध्ये २०७ जना २०७६ सालमा र बाँकी २०७७ सालमा प्रवेश गरेको संख्या हो । होल्डिङ सेन्टरबाट तथा नेपाल-भारतका बिभिन्न नाकाबाट आएका व्यक्तिहरुलाई यसरी क्वारेन्टिनमा राख्ने गरिएको हो ।

## सवारी पास अनुमती जारी तथा अनुगमन

लकडाउनको अवधिमा अत्यावश्यक काम परि हिँड्नु पर्ने अवस्थाका लागि सवारी पास जारी गरिएको । बिभिन्न समयमा मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार प्रमुख जिल्ला अधिकारी तथा जिल्ला सुरक्षा समितिका पदाधिकारी एवं DCCMC को निर्णयानुसार पास जारी गरिएको छ । पास नलिइ सवारी चलाउने एवं प्रयोजन विना सवारी चलाउनेको अनुगमन गरी कारवाहीसमेत गरिएको छ ।

## स्वास्थ्य पूर्वाधार तयारी

जिल्ला भित्र रहेका सरकारी, सामुदायिक र निजी सबै एम्बुलेन्सहरुको लगत तयार गरी तयार राखिएको । अस्पतालहरुमा मापदण्डअनुसारको आइसोलेसन कक्ष तयार गरिएको । Patient Receiving Team गठन गरी विरामीहरुलाई अस्पताल लैजाने प्रबन्ध गरिउको ।




## सूचना प्रकाशन र प्रशारण

निरन्तर रुपमा कोभिड १९सम्बन्धी सचेतना तथा जानकारीमूलक सूचनाहरु सामुदायीक रेडियोहरुवाट सबै स्थानीय तहमा प्रचार प्रसारको व्यवस्था गरिएको ।

## क्वारेन्टाइन एवं आइसोलेशन तयारी र अनुगमन

जिल्लामा ३३ वटा आइसोलेन बेड र ४५५ वटा क्वारेन्टिन बेड तयार रहेका छन् ।



**मिति २०७७ असार ३१ गतेसम्म सिन्धुली जिल्लाको कोभिड-१९ को परीक्षण विवरण**

| स्थानीय तह | हाल क्वारेन्टिनमा रहेका | हालसम्म क्वारेन्टिनबाट फिर्ता | आइसोलेसनमा रहेका | हालसम्म आइसोलेसनबाट फिर्ता | हालसम्म RDT परीक्षण संख्या | हालसम्म PCR परीक्षण संख्या |
|---|---|---|---|---|---|---|
| कमलामाई न.पा. | ४५ | २०९ | ० | ० | ५७२ | ४१३ |
| दुधौली न.पा. | ६२ | १७८ | ० | ० | १५९ | २३८ |
| तीनपाटन गा.पा. | ४ | ७ | ० | ० | ६७ | ८६ |
| गोलन्जोर गा.पा. | १ | ९ | ० | ० | ६९ | २६ |
| घ्याङलेख गा.पा. | ० | १ | ० | ० | १४ | ६ |
| फिक्कल गा.पा. | ६ | ३ | ० | ० | २९ | ५ |
| मरिण गा.पा. | १० | ८६ | ० | ० | १२० | ३८ |
| हरिहरपुरगढी गा.पा. | ३ | १८ | ० | ० | १०८ | २१ |
| सुनकोशी गा.पा. | ३ | २१ | ० | ० | ६१ | ३६ |
| सिन्धुली अस्पताल | ० | ० | ४ | २३ | ० | ० |
| जम्मा: | १३४ | ५३२ | ४ | २३ | ११९९ | ८६९ |





| अस्पताल/स्थान | आइसोलेसन बेड | क्वारेन्टाइन बेड |
|---|---|---|
| सिन्धुली अस्पताल, कमलामाई | १४ | १४५ |
| दुधौली न.पा. | ३ | ११० |
| तीनपाटन गा.पा. | ८ | २२ |
| गोलन्जोर गा.पा. | २ | २८ |
| फिक्कल गा.पा. | २ | ८ |
| मरिण गा.पा. | २ | ५० |
| सुनकोशी गा.पा. | २ | २५ |
| जम्मा | ३३ | ४५५ |

जिल्लास्तरीय कोभिड-१९, संकट व्यवस्थापन केन्द्रले जिल्लाभित्र रहेका क्वारेन्टाइन, आइसोलेशन तथा होल्डिङ सेन्टरहरुमा पर्याप्त मात्रामा स्वास्थ्यकर्मीहरु कार्यरत रहे/नरहेको र "कोरोना भाइरससम्बन्धी क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड-२०७६" मा उल्लेख भएका



सुविधाहरु उपलब्ध भए नभएको सन्दर्भमा नियमित रुपमा स्थलगत अनुमगन गरी आवश्यक निर्देशन दिएको छ ।

जिल्लाको सुनकोशी, गोलान्जोर, तीनपाटन, घयाङ्लेख, कमलामाइ न पा र दुधौली न पा, हरिहरपुरगडी गा.पा. र मरिण गा. पा. र फिक्कल गाउँपालिकामा रहेका क्वारेन्टाइन तथा आइसोलेसनको तयारी अवस्थाको अनुगमन गरिएको छ ।

भएको तयारी सन्तोषजनक पाइएको भएता पनि संक्रमणको जोखिम बढ्दै गएको सन्दर्भमा अझ थप तयारी र व्यवस्थापन गर्न नगरपालिका/ गाँउपालिकालाई अनुरोध गरिएको छ ।

## कोभिड १९ प्रतिरोधका लागि उपलब्ध स्वास्थ्य सामग्री

आर्थिक बर्षको अन्त्यमा सिन्धुली जिल्लामा ४८७ पिपिइ सेट १५५ थर्मल गन मौज्दात रहेका छन् । यी पूर्वाधारहरु कोभिड-१९ को प्रतिरोध तथा उपचारका लागि अत्यावश्यक रहेका छन् ।

| न.पा.गा.पा. | पिपिइ सेट | थर्मल गन | क्वारेन्टिन बेड संख्या | आइसोलेसन वेड संख्या |
|---|---|---|---|---|
| कमलामाई नगरपालिका | ७ | २५ | ५७ | ० |
| दुधौली नगरपालिका | १०० | २८ | ११० | ३ |
| तीनपाटन गाँउपालिका | ४ | ११ | ३२ | ८ |
| गोलन्जार गाँउपालिका | ४ | ९ | २८ | २ |
| घ्याङलेख गाँउपालिका | ५१ | १२ | १०० | ० |
| फिक्कल गाँउपालिका | ९८ | २० | ८ | २ |
| मरिण गाँउपालिका | ५५ | १५ | ५० | २ |
| हरिहरपुरगढी गाँउपालिका | ६ | ८ | २० | ० |
| सुनकोशी गाँउपालिका | ५८ | २० | ३० | २ |
| सिन्धुली अस्पताल | १०४ | ७ | ० | १४ |
| जम्मा | ४८७ | १५५ | ४३५ | ३३ |

## जिल्लास्तरीय कोभिड १९ संकट व्यवस्थापन केन्द्रका प्रमुख निर्णयहरु

| मिति | मुख्य निर्णयहरु |
|---|---|
| २०७६।१२।२३ | • गृह मन्त्रालयबाट प्राप्त पत्रानुसार जिल्लास्तरमा Crisis Management Center गठन गर्ने ।<br>• Crisis Management Center को कार्यादेश बारेमा सदस्यहरुलाई जानकारी गराइयो ।<br>• प्राप्त कार्यादेश बमोजिम समन्वयात्मक र प्रभावकारी ढंगबाट काम गर्ने ।<br>• पालिकास्तरीय संरचना निर्माण गर्न सवै स्थानीय तहहरुलाई परिपत्र गर्ने ।<br>• सहायक प्रजिअको संयोजकत्वमा Patient Receiving Team गठन गर्ने । |
| २०७७।१।९ | • स्थानीय स्तरमा औषधी उपकरण तथा स्वास्थ्य सामग्रीलगायत आवश्यक बस्तु वा सेवाको आपूर्तिको व्यवस्थापन, सहजीकरण तथा अनुगमन गर्ने ।<br>• सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित Patient Receiving Team मा जनस्वास्थ्य अधिकृत तथा सशस्त्र प्रहरी वल तथा जिल्ला प्रहरी कार्यालयवाट प्रतिनिधी थप गर्ने ।<br>• कोरोना मैत्री एम्बुलेन्स यस अघि पाँच वटा भएकोमा थप ३ वटा गरी जम्मा ८ वटालाई आकस्मिक प्रयोगको लागि स्ट्याण्डबाइ राख्ने ।<br>• डेडिकेटेड सव वाहनलाई स्ट्याण्डबाइ राख्ने । |
| २०७७।१।१६ | • सिन्धुली जिल्लालाई कोरोना भाइरसको उच्च जोखिमबाट रोकथाम तथा नियन्त्रणका लागि हाल तराईका जिल्लाहरु तथा अन्य जिल्लाहरुबाट यस जिल्लाको प्रयोजनको लागि फलफूल, माछामासु, अण्डा र कुखुरा (चल्ला समेत) को ढुवानीमा लगाएको प्रतिवबन्धहरुमध्ये आगामी सर्वपक्षीय सर्वदलिय बैठकबाट समर्थन अनुमोदन हुने गरी आज मिति २०७७/१/१६ गते देखि हाललाई जिउँदो माछा, अण्डा, र कुखुराको चल्लाको ढुवानीलाई फुकुवा गर्ने ।<br>• सिन्धुली जिल्ला प्रवेश गर्ने अति आवश्यक खाद्यन्न तथा प्रकरण (१) मा उल्लेखित बस्तु ढुवानी गर्ने सवारी साधनहरुलाई उद्योग बाणिज्य संघ, सिन्धुलीले Sanitize गर्ने व्यवस्था मिलाउने ।<br>• पसलहरुमा खाद्य पदार्थ खरीद गर्न आवत जावत गर्ने ग्राहकहरुलाई सुरक्षित दुरी कायम गर्ने व्यवस्था गर्न उद्योग बाणिज्य संघ, सिन्धुलीले पहल गर्ने ।<br>• खाद्य सामाग्री झार्ने, विक्रिवितरण गर्ने व्यक्तिहरुले समेत माक्स, पञ्जा, sanitizer को प्रयोग गर्ने व्यवस्था उद्योग बाणिज्य संघ, सिन्धुलीले गर्ने । |
| २०७७।२।१५ | • जिल्लामा नै पिसिआर टेस्टको लागि आवश्यक उपकरण सहितको ल्याब स्थापनाका लागि सामाजिक विकास मन्त्रालय, बाग्मती प्रदेशलाई अनुरोध गर्ने साथै जिल्ला भूसंरक्षण भवनलाई कोभिड–१९ प्रयोगशालाको रुपमा परिणत गर्ने ।<br>• नगरपालिकाको हकमा कम्तीमा ५०० बेड र गाउँपालिकाको हकमा कम्तिमा २०० बेडको न्यूनतम सुविधा सहितको क्वारेन्टाइन बेड र आइसोलेशन बेडको हकमा सदरमुकाममा न्यूनतम ५० बेड संख्या थप गर्न सम्बन्धित सबै पालिकाहरुलाई अनुरोध गर्ने ।<br>• कम्तिमा ५०० थान पिपिई सेट, २००० थाच आरडिटी किट र १००० थान भिटिएम उपलब्ध गराइदिन प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>• स्वाव परिक्षणका लागि हेटौंडा वा काठमाडौं लैजानु पर्ने भएकोले यसको ढुवानीसम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहबाट मिलाउने निर्णय गरियो ।<br>• सीमा नाकामा आइपुगेका सिन्धुली जिल्लावासीहरुलाई बसोबास रहेको स्थानीय तहसम्म पुर्याउन यातायातको बन्दोबस्त सम्बन्धित पालिकाले मिलाउने साथै विश्व स्वास्थ्य सँगठनको नम्र्सबमोजिम सिधै क्वारेन्टाइनमा राखी उनीहरुको नियमित स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने । |
| २०७७।२।२८ | • कोभिड–१९ का कारण जिल्लामा कुनै व्यक्तिको मृत्यु भएमा नेपाली सेनाले नेपाल रेडक्रस सोसाइटी,सिन्धुली अस्पताल र स्वास्थ्य कार्यालयसँगको समन्वयमा शव व्यवस्थापन गर्ने ।<br>• संक्रमणको दर बढ्दै गएको सन्दर्भमा तत्काल क.न.पा. वडा नं. ६ राममाढीमा रहेको एपोलो अस्पतालमा रहेको २५ वटा वेडलाई आइसोलेशन वेडको रुपमा तयार गरी प्रयोग गर्ने ।<br>• क.न.पा. वडा नं. ९ भिमानमा रहेको आजाद स्मृति भवनलाई र नयाँ निर्माण भएको वन कार्यालय, सुनकोशी गाउँपालिकाको प्रगतीशिल मा.वि., रातमाटालाई क्वारेन्टिनस्थलको रुपमा प्रयोग गर्ने। |
| २०७७।३।१७ | • संक्रमण रोकथामका लागि सहयोग पुर्याउने सबै राजनीतिक दलहरु, स्थानीय तह सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी कार्यालय, सञ्चारकर्मी, संघसंस्था तथा आम जनसमुदाय प्रति धन्यबाद<br>• संक्रामक रोग ऐन, २०२० को दफा २बमोजिमको आदेशलाई आगामी मिति २०७७/४/६ गते मंगलबार मध्यरातसम्मका लागि यस जिल्लाभर लागू हुने गरी निरन्तरता दिने ।<br>• कोभिड–१९ संक्रमण रोकथाम सञ्चालन कोष कार्यविधि, २०७७लाई स्वीकृत गरी अनुमोदनको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने |
| २०७७।३।२३ | • सेवाग्राही जम्मा हुने कार्यालयहरु तथा अन्य व्यापारिक स्थानहरुमा व्यक्तिगत सुरक्षाका मापदण्डहरु पुर्णरुपमा पालना गर्न गराउन, त्यस्ता भिडभाड हुने ठाउँहरुमा नजान र जाने परे अनिवार्य रुपमा मास्क तथा स्यानिटाइजरको प्रयोग गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्ने ।<br>• सबै सरकारी तथा गैरसरकारी कार्यालय तथा संघ संस्थाले मास्क प्रयोग नगरेका सेवाग्राहीलाई कार्यालय प्रवेश विन्दुमानै अनिवार्य रुपमा रोक लगाई भित्र प्रवेश गर्न नदिने ।<br>• व्यक्तिगत सुरक्षाका मापदण्ड पालना नगरी वा मास्क प्र्योग नगरी घरबाहिर निस्कने उपर संक्रामक रोग ऐन, २०२० बमोजिम कडाई पूर्वक सुरक्षा निकायहरुले कारबाही गर्ने ।<br>• सवारी पास चेकजाँचको व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गर्ने ।<br>• कमलामाई ९ बागमाराकी ६० वर्षिया महिलामा कोरोना भाईरस पोजेटिभ देखिएको हुँदा निजको घर भएको स्थानमा सम्पूर्ण बासिन्दाहरुलाई अन्य स्थानमा रहेका समुदायसँगको सम्पर्कमा आउन नदिई कोभिड–१९ को स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड पालना गराउन सुरक्षाकर्मी अस्पताल र स्वास्थ्य कार्यालयले आवश्यक पर्ने सबै उपाय अपनाउने |

# जिल्लास्थित बिभिन्न कार्यालयहरुका प्रमुखहरुको सम्पर्क नम्वर

| कार्यालयको नाम | पद र नामथर | कार्यालयको फोन | मोवाइल नम्बर |
|---|---|---|---|
| **न्यायीक** | | | |
| सिन्धुली जिल्ला अदालत | जिल्ला न्यायाधीश किरणराज शिवाकोटी | 521119 | 9841593535 |
| जिल्ला सरकारी वकील कार्यालय | जिल्ला न्यायाधिवक्ता गोविन्द गौली | 520119 | 9854042119 |
| **शान्ति सुरक्षा** | | | |
| जिल्ला प्रशासन कार्यालय | प्र. जि.अ. योगेन्द्र प्रसाद पाण्डे | 520533 520256,520610 | 9854067777 |
| वर्दबहादुर गण | प्रमुख सेनानी विजय थापा | 620089 | 9851090317 |
| जिल्ला प्रहरी कार्यालय | प्रहरी उपरीक्षक रन्जु सिग्देल | 520555,520599 | 9854065555 |
| सशस्त्र प्रहरी बल, आश्रित गुल्म | स.प्र.ना.उ. गोपि कृष्ण भटराई | 521111 | 9851258691 |
| राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | प्रमुख अनुसन्धान अधिकृत हेमन्त चौधरी | 520233 | 9845391666, 9854041232 |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय, सिन्धुली | प्र.ना.नि. | | 9851284350, 9854090036 |
| **स्थानीय तह** | | | |
| जिल्ला समन्वय समितिको कार्यालय | जि समन्वय अधिकारी डिक बहादुर कार्की | 520149 | 9854087222 |
| कमलामाई नगर कार्यपालिकाको कार्यालय | प्र. प्रशासकीय अधिकृत पुरुषोत्तम सुवेदी | 520245, 520251 | 9854050111 |
| दुधौली नगर कार्यपालिकाको कार्यालय, | प्र. प्रशासकीय अधिकृत पदम सिं विष्ट | 412045 | ९८४०२०००६३ |
| गोलन्जोर गाउँकार्यपालिकाको कार्यालय, त्वाल्टार | प्र. प्रशासकीय अधिकृत अर्जुन दर्जि | | 9854042620 |
| घ्याङलेख गाउँकार्यपालिकाको कार्यालय,हायुटार | प्र. प्रशासकीय अधिकृत रामकुमार कार्की | | 9854041892 |
| तीनपाटन गाउँकार्यपालिकाको कार्यालय,लाम्पानटार | प्र. प्रशासकीय अधिकृत विष्णु प्रसाद सुवेदी | | 9854042220 |
| फिक्कल गाउँकार्यपालिकाको कार्यालय,खाङसाङ | प्र. प्रशासकीय अधिकृत टंकनाथ घिमिरे | | 9849755700 |
| मरिण गाउँकार्यपालिकाको कार्यालय,कपिलाकोट | प्र. प्रशासकीय अधिकृत टार्जनकुमार लिम्बु | | 9861965095 |
| सुनकोशी गाउँकार्यपालिकाको कार्यालय,रामटार | प्र. प्रशासकीय अधिकृत विकास सुन्दास | | 9851130036 |
| हरिहरपुरगढी गाउँकार्यपालिकाका कार्यालय,झनझने | प्र. प्रशासकीय अधिकृत देवेन्द्र सापकोटा | | 9854042881 |
| **कृषि र पशु** | | | |
| कृषि ज्ञान केन्द्र | प्रमुख भरत प्रसाद विडारी | 520166 | 9854042266 |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | कार्यालय प्रमुख गौरीमान श्रेष्ठ | 520185 | 9854041785 |
| कन्दमूल तरकारी विकास केन्द्र | केन्द्र प्रमुख संजय धिमाल | 520122 | 9854041320 |
| प्र.म.कृषि आधुनिकिकरण परियोजना जनार सुपरजोन, सिन्धुली | परियोजना प्रमुख देवराज अधिकारी | ०४७-६९२०२७ | 9855082177 |
| **विकास निर्माण** | | | |
| पूर्वाधार विकास कार्यालय, रामेछाप | सि.डि.ई. जयराम श्रेष्ठ | | 9854040375 |
| जलस्रोत तथा सिंचाई विकास डिभिजन | डिभिजन प्रमुख घनश्याम कार्की | 520105 | 9854042105 |
| खानेपानी तथा स।सफाई डिभिजन कार्यालय, रामेछाप | डिभिजन प्र। सन्तोश कुमार श्रेष्ठ | 048-540110 | 9849368673, 9854040253 |
| संघिय खोपानी तथा ढल व्यवस्थापन कार्यालय, | डिभिजन प्र। जगनाथ पूर्वे | 048-540285 | 9852674462 |
| शहरी विकास तथा भवन कार्यालय | नि.का.प्र. दुर्गाप्रसाद घिमिरे | 523839 | 9854041606 |
| डिभिजन सडक कार्यालय खुर्कोट | डिभिजन प्रमुख किरण कार्की | 691946 | 9841439968 |
| धरान–च–गा–क–सि–हटौडा सडक आयोजना (पूर्वी खण्ड) गाइघाट, उदयपुर | आयोजना प्रमुख वेल बहादुर भुजेल | 035-421732, 035-421732, | 9851142074 |
| मदन भण्डारी राजमार्ग आयोजना कार्यालय, मकवानपुर, हेटौंडा, | आयोजना प्रमुख अर्जुन अर्याल | 057-526598, 057-526598 | 9851094006 |
| पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना,बुद्धनगर,काठमाण्डौ | शिवराज अधिकारी | 01-4785670, 011-490253, 01-4784830 | 9841466434 |
| सुनकोशी मरिण डाइभर्सन बहुउद्येश्यिय आयोजना | सि.डि.हा.जि. विश्वबन्धु के.सि. | | 9845554818 |
| सूर्यविनायक–धुलिखेल, धुलिखेल–सिन्धुली–बर्दिबास सडक आयोजना, मीनभवन,काठमाण्डौ । | आयोजना प्र सुर्य भाट | 01-4481604, 01-4480516 | 9851005272 |
| जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) | इकाइ प्रमुख शिव कुमार सापकोटा | 520640 | 9851178417 |
| जि.आ.का.ई.(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) | का.प्र. सूर्य प्रकास बिष्ट | 520109 | 9843208907 |
| रा.पु.प्रा.जि.आ.का.इ (भवन) | डि. ई सूर्य प्रसाद विष्ट | | 9854041543 |

| | | | |
|---|---|---|---|
| **स्वास्थ्य संस्था** | | | |
| सिन्धुली अस्पताल | मे.सु. डा. लक्ष्मण खड्का | 520132 | 9854042342 |
| स्वास्थ्य कार्यालय, सिन्धुली | जिल्ला जनस्वास्थ्य प्रमुख जितेन्द्र कुमार साह | 520145 | 9868815087 |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | आयुर्वेदिक चिकित्सक ललिता पाण्डे | 520343 | 9854041943 |
| **विद्युत, टेलिफोन, खानेपानी** | | | |
| नेपाल विद्युत प्राधिकरण | का.प्र. विनोद कुमार यादव | 521,105,520,550 | 9854042250 |
| खिम्ती–ढल्केवर २२० के.भि.प्रशारणलाईन आयोजना, मन्थली,रामेछाप | | 048-540490 | |
| नेपाल टेलिकम | कार्यालय प्रमुख उपेन्द्र राय यादव | 520111, 520222 | 9854021777 |
| सिद्धेश्वर खानेपानी तथा सरसफाई उपभोक्ता समती | अध्यक्ष महेन्द्र देव श्रेष्ठ | | 9844086326 |
| **अन्य कार्यालयहरु** | | | |
| कृषि सामग्री कम्पनी लिमिटेड | उपशाखा प्रबन्धक पूर्णराज कार्की | 520117 | 9854042074 |
| स्वास्थ्य बिमा बोर्ड, सिन्धुली | जिल्ला प्रबन्धक रमेश कुमार घिमिरे | | 9851224388 |
| सार्वजनिक कार्यान्वयन ईकाई धलिखेल | पूर्ण बहादुर दर्जी | | 9851229326 |
| जिल्ला युवा समितिको कार्यालय, | का.प्र. | 520479 | |
| **सरकारी कार्यालयहरु** | | | |
| डिभिजन वन कार्यालय, सिन्धुली | डिभिजनल वन अधिकृत नारायण श्रेष्ठ | 520135 | 9854041135 9851178444 |
| डिभिजन वन कार्यालय, मरिण | डिभिजनल वन अधिकृत पुण्यराज बटौला | | 9854020190 |
| कोष तथा लेखा नियन्त्रक कार्यालय | प्रमुख कोष नियन्त्रक जिवन राज पुरी | 520266 | 9854041766 |
| शिक्षा विकास तथा समन्वय इकाइ | इकाइ प्रमुख नेत्र प्रसाद गजुरेल | 520175, 520575 | 9854041324 |
| जिल्ला निर्वाचन कार्यालय | नि.जि.निर्वाचन अधिकारी ओम प्रसाद भट्टराई | 520322 | 9854041841 |
| जिल्ला हुलाक कार्यालय | हुलाक अधिकृत राजेन्द्र प्रसाद प्याकुरेल | 520121 | 9849100780, 9854044121 |
| तथ्यांङ्क कार्यालय, सिन्धुली | तथ्यांक अधिकृत टिकाप्रसाद नेपाल | 520128 | 9852057866 |
| नापी कार्यालय | नापी अधिकृत सरोज कुमार श्रेष्ठ | 520139 | 9854041533 |
| मालपोत कार्यालय | कार्यालय प्रमुख निलराज पौडेल | 520125 | 9851200899 |
| कारागार कार्यालय | नि.जेलर मात्रिका प्रसाद पहाडी | 520257 | 9854072777 |
| घरेलु तथा साना उद्योग विकास समिति | प्रमुख उद्योग अधिकृत पदम ओझा | 520124 | 9854041124 |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, सिन्धुली | प्रा.स. पे्रम अर्याल | | 9854043983 |
| **बैक तथा वित्तिय संस्था** | | | |
| राष्ट्रिय वाणिज्य वैंक | प्रबन्धक खिलराज भट्टराई | 520155 | 9854041155 |
| कृषि विकास बैंक | शाखा प्रबन्धक श्यामराज सुवेदी | 520170 | 9851033782 |
| प्रभु बैक | प्रबन्धक राधिका श्रेष्ठ | | 9854042990 |
| ग्लोवल आई.एम.ई बैंक | प्रबन्धक रमेश सन्जेल | | 9851185385 |
| ल्क्ष्क्र ब्वक्ष्थ् बैक | प्रबन्धक प्रयास थपलिया | | 9854047647 |
| मेगा बैंक | प्रबन्धक केशव प्रसाद देवकोटा | | 9841713598 |
| लक्ष्मी बैक | प्रबन्धक अमृत लिगल | | 9818006432 |
| राष्ट्रिय सहकारी बैक | प्रबन्धक श्रवण कु. नेवा खड्गी | | 9851151676 |
| सेन्चुरी बैक | प्रबन्धक नविन कुमार ढकाल | | 9851238830 |
| सिभिल बैंक | प्रबन्धक मनोज श्रेष्ठ | | 9841799165 |
| ल्क्ष्क्र बैक | प्रबन्धक शम्भु खड्का | | 9851145928 |
| सिदार्थ बैक | प्रबन्धक अर्जुन पोख्रल | | 9802059032 |
| सहयोगी विकास बैक | प्रबन्धक सम्भु कुमार झा | | 9844430881 |
| नेपाल क्यक्ष् बैंक लि. | प्रवन्धक हरी प्रसाद भट्टराई | | 9841140479 |
| प्रइम कमरसियल बैंक लि. | प्रवन्धक नविन साप्कोटा | | 9841183141 |
| मुक्तिनाथ विकास बैंक लि. | प्रवन्धक सन्तोष तामाङ | | 9854044306 |
| ज्योती विकाष बैंक लि. | प्रवन्धक सविन कुमार श्रेष्ठ | | 9844082279 |
| **शैक्षिक संस्था** | | | |
| सिन्धुली सामुदायिक टेक्निकल इन्टिच्युट | प्राचार्य अमरदीप देवकोटा | | ९८४४०८२५५५ |
| सिन्धुली बहुमुखी क्याम्पस | प्र.अ. दुर्गा प्रसाद अधिकारी | | 9844042623 |
| कमला मा.वि. ढुङग्रेवास | प्र.अ. कमलेस चौधरी | | 9844042602 |
| गौमती मा.वि. | प्र.अ. गणेश बहादु थापा | | 9844251002 |
| जनज्योती मा.वि. फोसेटार | प्र.अ भिम विक्रम थापा | | 9844040065 |
| मा.वि. पानीट्याङकी | प्र.अ. टोम प्रसाद काफ्ले | | |

यस बुलेटिनमा प्रयोग भएका फोटोहरु सम्बन्धित व्यक्तिका फेसबुक तथा गुगल सर्चबाट प्राप्त गरिएको हो ।

प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, सिन्धुली

facebook/daosindhuli
cdosindhuli@gmail.com
daosindhuli.moha.gov.np
047-520610

जिल्ला प्रशासन कार्यालय, सिन्धुलीका लागि बार्षिक बुलेटिन संकलन सम्पादन रविन्द्र गौतम Viber ९८४०१७७३२७